# मर्स्याङ्दी वहुमुखी क्याम्पस

## बेसीशहर, लमजुङ

**विधान २०४७ (पहिलो संशोधन २०५२, दोस्रो संशोधन २०५९, तेस्रो संशोधन २०६३, चौथो संशोधन २०६७, पाचौं संशोधन २०६९, छैटो संशोधन २०७४ र सातौं संशोधन २०७७ समेत परिमार्जित)**

### प्रस्तावना

लमजुङ जिल्लाबासीहरुको उच्चशिक्षाको चाहनालाई पुरा गरी जिल्ला सदरमुकाममा नै उच्चशिक्षा प्रदायक संस्था स्थापना गर्ने उद्देश्यले जिल्लाका शिक्षाप्रेमी बुद्धिजीवि, समाजसेवी, विभिन्न राजनीतिक पार्टीका नेतृत्ववर्ग तथा स्थानीय जनताहरुको सहयोगमा कुनै पनि किसिमको नाफा आर्जन गर्ने उद्दश्यले नभई गैरनाफामुलक शैक्षिक संस्थाको रुपमा मिति २०४७ मार्ग १६ गते जिल्लाको पहिलो सामुदायिक क्याम्पसको रुपमा मर्स्याङ्दी बहुमुखी क्याम्पसको स्थापना भएको हो । लमजुङ जिल्लाको अतिरिक्त छिमेकी जिल्लाहरु मनाङ, गोरखा, तनहुँ, कास्की लगायत विभिन्न भूगोल र सामाजिक परिवेशका विद्यार्थीहरुलाई सर्भसुलभ तरिकाले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यस क्याम्पसले स्थापना कालमा निर्माण गरेको विधान बदलिदो समय सन्दर्भ अनुसार परिमार्जन गर्ने क्रममा विधानमा लिपिवद्ध गरिएका केही विषयवस्तुहरु परिमार्जन र थप स्पष्ट पारी समसामयिक बनाउन वाञ्छनीय देखिएकोले नियमानुसार मर्स्याङ्दी बहुमुखी क्याम्पसको विधानको संशोधन २०७७ सहित यो विधान लागू गरिएको छ ।

Marshyangdi Multiple Campus
Besishahar, Lamjung
2047

# परिच्छेद - १

## परिभाषा

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो विधानको नाम "मर्स्याङ्दी बहुमुखी क्याम्पसको विधान, २०४७", (संशोधन २०७७ समेत) रहनेछ ।

ख) यो विधान क्याम्पस परिषद्‌द्वारा पारित भएको मिति देखि लागु हुनेछ ।

ग) क्याम्पस परिषद्‌बाट यो विधानको धारा उपधारामा आवश्यक संशोधन गर्न सकिनेछ ।

घ) यस क्याम्पसले व्यक्ति सरह आफ्नो नामबाट सम्पत्ति आर्जन गर्न, भोग चलन गर्न, व्यक्ति सरह नालिस उजुर गर्न सक्नेछ र यस उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा -

क) "क्याम्पस" भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पस, बेसीशहर लमजुङ सम्झनु पर्दछ ।

ख) "विधान" भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पसको विधानलाई सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले यस विधान अनुसारको क्याम्पस सभा सम्झनु पर्दछ ।

घ) "परिषद" भन्नाले यस विधान अनुसारको क्याम्पस परिषद सम्झनु पर्छ ।

ङ) "संचालक समिति" भन्नाले क्याम्पस संचालनको लागि गठित समितिलाई सम्झनु पर्दछ ।

च) "अध्यक्ष" भन्नाले क्याम्पस संचालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

छ) "उपाध्यक्ष" भन्नाले क्याम्पस संचालक समितिको उपाध्यक्ष सम्झनु पर्दछ ।

ज) "सभासद" भन्नाले क्याम्पस सभामा परिभाषित सदस्यलाई सम्झनु पर्दछ ।

झ "पदाधिकारी" भन्नाले क्याम्पस संचालक समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिवलाई सम्झनु पर्दछ ।

ञ) "सदस्य" भन्नाले क्याम्पस संचालक समितिको सदस्यलाई सम्झनु पर्दछ ।

ट) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको प्रमुख लाई जनाउँदछ ।

ठ) "सहायक क्याम्पस प्रमुख" भन्नाले विधानमा व्यावस्था भए बमोजिम क्याम्पस प्रमुखको अनुपस्थितीमा कार्य गर्ने व्याक्ति।

ड) "प्राध्यापक" भन्नाले क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक, शिक्षण सहायक, प्रशिक्षक समेतलाई सम्झनु पर्दछ ।

ढ) "कर्मचारी भन्नाले" क्याम्पसको प्रशासनिक कार्यको लागि नियुक्त जुनसुकै पदका कर्मचारीलाई जनाउँदछ ।

ण) “आर्थिक वर्ष” भन्नाले प्रत्येक चालु वर्षको श्रावण १ गतेदेखि शुरु भै आगामी वर्षको आषाढ मसान्तसम्म (१ वर्ष) को अवधि भन्ने सम्झनु पर्दछ ।

त) “विद्यार्थी” भन्नाले क्याम्पसमा भर्ना भई अध्ययन गर्ने छात्र र छात्राहरुलाई सम्झनु पर्दछ ।

द) “आमन्त्रित सदस्य” भन्नाले क्याम्पस सभामा भाग लिई छलफल गर्न पाउने, तर मतदान र उम्मेदवार हुन नपाउने सदस्य भन्ने सम्झनु पर्दछ ।

ध) “नियमावली र निर्देशिका” भन्नाले यस विधानको परिधिभित्र रही बनाईएको नियमावली र निर्देशिकालाई बुझ्नु पर्दछ ।

## परिच्छेद - २

## क्याम्पस अधिवेशन र परिषद्

### २.१ क्याम्पस अधिवेशन का सदस्यहरु

जिल्ला सदरमुकाममा उच्च शिक्षाको पहुँच सर्वसाधारणसम्म पुऱ्याउने उद्देश्यले क्याम्पस स्थापना गर्न र संचालन गर्न जनस्तरबाट व्यापक सहयोग प्राप्त गरी अमूल्य योगदान दिनुहुने सभासद महानुभावहरुको सहभागितामा प्रत्येक ४ (चार वर्षमा) क्याम्पस अधिवेशन हुनेछ । क्याम्पस अधिवेशनमा निम्न लिखित व्यक्तिहरु सभासद रहनेछन् :

क) क्याम्पस संचालनका लागि स्थापनाकाल देखि २०५९ साल माघ सम्म रु १,००० (एक हजार), २०५९ साल फाल्गुण देखि २०६६ साल आश्विन सम्म रु २,००० (दुई हजार), २०६६ साल कार्तिक देखि २०७४ साल माघ १२ गते सम्म रु ५,०००।- (पाँच हजार) र २०७४ माघ १३ गते देखि अर्को व्यवस्था नभए सम्म रु १०,००० (दस हजार) भन्दा बढी रकम सहयोग गर्ने व्यक्ति ।

### २.२ क्याम्पस अधिवेशनका सदस्यहरुको प्रकार निम्नानुसार रहनेछ

यस क्याम्पसलाई स्थापना गर्न, सञ्चालन गर्न र प्राज्ञिक उन्वयनका लागि आर्थिक, भौतिक तथा अन्य सहयोग उपलब्ध गराई सहयोग गर्नुहुने महानुभाव एवं संघसंस्थालाई क्याम्पसको निम्नानुसार सदस्यता प्रदान गरिने छ ।

क) २०४७ देखि २०५९ साल माघ सम्मा रु १,०००(एक हजार), २०५९ साल फाल्गुण देखि २०६६ साल आश्विन सम्मा रु २,००० (दुई हजार), २०६६ साल कार्तिक देखि २०७४ साल माघ १२ गते सम्मा रु ५,०००।-(पाँच हजार) र २०७४ माघ १३ गतेदेखि अर्को व्यवस्था नभएसम्म रु १०,००० (दस हजार) भन्दा बढी रकम सहयोग गर्ने व्यक्ति ।

ख) २०४७ देखि २०५९ माघसम्म रु १०,०००।- भन्दा माथि र रु २०,००० भन्दा कम सहयोग गर्ने, २०५९ फाल्गुण देखि २०६६ आश्विनसम्म रु २०,००० भन्दा माथि, २०६६ कार्तिक देखि अर्को व्यवस्था नभए सम्म रु

Marsyangdi Multiple Campus Besisahar, Lamjung 2047

५०,०००।- भन्दा माथि र रु १,००,००० भन्दा कम सहयोग गर्ने महानुभावहरुलाई विशिष्ट आजिवन सदस्यता प्रदान गर्ने ।

ग) रु १,००,०००। (एक लाख) भन्दा माथि सहयोग गर्ने चन्दादातालाई सम्मानित विशिष्ट आजीवन सदस्यता प्रदान गर्ने ।

घ) रु ५,००,०००।- पाँच लाख) देखि रु १०,००,०००। (दश लाख) सम्म सहयोग गर्ने चन्दाताताको नाममा अक्षयकोष स्थापना गर्ने ।

ङ) रु १०,००,०००। (दस लाख) भन्दामाथि सहयोग गर्ने चन्दादाताको नाममा अक्षयकोष स्थापना गर्ने र निजको अर्धकदको सालिक निर्माण गर्ने । सो सालिकको लागि निर्माण खर्च निजले नै व्यहोर्नु पर्नेछ ।

**२.३ क्याम्पस अधिवेशनका सदस्यहरु**

देहायका व्यक्तिहरु क्याम्पस अधिवेशनका सभासद हुनेछन् ।

क) दफा २.१ र २.२ मा उल्लेखित सदस्यहरु र प्रतिनिधिहरु ।

ख) संचालक समितिका पदाधिकारी तथा सदस्यहरु ।

**२.४ क्याम्पस अधिवेशन सदस्यको लागि अयोग्यता**

देहाय अनुसारका व्यक्ति क्याम्पस अधिवेशनको सदस्य हुन योग्य हुने छैनन् :

क) मानसिक सन्तुलन नभएको कुनै पनि व्यक्ति ।

ख) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएको कुनै पनि व्यक्ति ।

ग) क्याम्पसको हित विपरित आचरण गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने व्यक्ति ।

घ) १८ वर्ष उमेर पुरा नभएको व्यक्ति ।

ङ) निर्वाचन निर्देशिकाले अयोग्य ठहराएको व्याक्ति ।

**२.५ क्याम्पस अधिवेशन तथा विशेष अधिवेशन**

क) क्याम्पसको अधिवेशन प्रत्येक ४ वर्षको माघ मसान्तको तीन महिना अघिपछि भित्र बस्नेछ । क्याम्पस अधिवेशनका लागि ३३% सदस्यहरु वा क्याम्पस संचालक समितिका दुई तिहाई सदस्यहरुले लिखित रुपमा माग गरेमा विशेष क्याम्पस अधिवेशन बोलाउनु पर्नेछ । यस बाहेक क्याम्पस संचालक समितिले सर्वसम्मत निर्णयबाट आवश्यक परेमा विशेष अधिवेशन बोलाउन सक्नेछ ।

ख) अविश्वासको प्रस्ताव सम्बन्धी विषयमा बोलाइएको विशेष क्याम्पस अधिवेशनका लागि भने दुई तिहाइ सदस्यहरुको उपस्थिति भएमा मात्र बैठक संचालन हुन सक्नेछ ।

ग) क्याम्पस अधिवेशनको लागि ३० दिन (एक महिना) र विशेष क्याम्पस अधिवेशनका लागि १५ दिन अघि नै बैठक बस्ने मिति, समय, स्थान र कार्यसूची समेत उल्लेख गरी क्याम्पस अधिवेशनका सबै सदस्यहरुलाई लिखित सूचना दिनु पर्नेछ।

घ) अधिवेशनको सभापतित्व संचालक समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता ग्रहण गर्नेछन् ।

## २.६ क्याम्पस अधिवेशनको काम, कर्तव्य र अधिकार

क्याम्पस अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछ :

क) क्याम्पसको निर्वाचन निर्देशिकाको आधारमा संचालक समितिको निर्वाचन गराउने ।

ख) क्याम्पसको प्रगति र आय व्याय विवरण र भावि कार्यक्रम अधिवेशनमा पेश गर्ने र छलफल गरी निर्णयमा पुग्ने ।

ग) क्याम्पससँग सम्बन्धित विविध प्रस्तावहरु पारित गर्ने ।

घ) क्याम्पस अधिवेशनबाट गर्ने भनी त्रि.वि.वि. वा यस विधानले तोकिदिए अनुसारका अन्य कार्य गर्ने गराउने ।

## २.७ क्याम्पस परिषद्को गठन

नियमित क्याम्पस अधिवेशन हुनुपुर्व क्याम्पसका बारेमा केही महत्वपूर्ण निर्णयहरु गरी कार्यन्वयनमा सरल र सहज बनाउन क्याम्पस संचालक समितिले क्याम्पस परिषद्को गठन गर्नेछ । क्याम्पस परिषद्को गठन देहाय बमोजिम हुनेछ ।

१) स्थापनाकालदेखि निवर्तमान क्याम्पस सञ्चालक समितिका पदाधिकारी एवं सदस्यहरु मध्ये बाट क्याम्पस संचालक समितिले मनोनित गरेका २० जना ।

२) प्राध्यापकहरु बाट ३ जना र कर्मचारीबाट १ जना गरी क्याम्पस संचालक समितिले मनोनित गरेका ४ जना ।

३) संचालक समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु ।

४) विशिष्ट र आजीवन सभासदहरु मध्ये महिला, दलित, जनजाति र शिक्षाप्रेमीहरुको प्रतिनिधित्व हुनेगरी क्याम्पस संचालक समितिले मनोनित गरेका ४५ जना ।

५) वेसीशहर नगरपालिकाको उपप्रमुख तथा सम्पुर्ण वडा अध्यक्षहरु (तर निजहरु क्याम्पस सभासद हुनुपर्ने)

६) लमजुङ उद्योग वाणिज्य संघ र निर्माण व्यवसाय संघका अध्यक्षहरु ।

## २.८ क्याम्पस परिषद्को काम कर्तव्य र अधिकारहरु

क) क्याम्पस परिषद्को बैठक क्याम्पस अधिवेशन हुने वर्ष वाहेक हरेक वर्ष बस्ने छ ।

ख) क्याम्पसको प्रगति, आय व्याय विवरण र भावी कार्यक्रमहरु परिषद्मा पेश गर्ने र छलफल गरी निर्णयमा पुग्ने ।

ग) क्याम्पस अधिवेशनबाट गर्नुपर्ने निर्णयहरु अधिवेशन अगावै गरी कार्यन्वयन गर्नुपरेमा क्याम्पसको शैक्षिक, आर्थिक र सामाजिक गतिविधिलाई सहज पार्न नीति निर्माण गरी क्याम्पस संचालक समितिद्वारा कार्यान्वयन गर्न गराउन क्याम्पस संचालक समितिलाई निर्देशन दिने ।

घ) क्याम्पससँग सम्बन्धित विविध प्रस्तावहरु पारित गर्ने ।

ङ) संचालक समितिका पदाधिकारी वा सदस्यहरु उपर अविश्वासको प्रस्ताव आएमा छलफल गरी त्यसको निर्णय गर्ने ।

च) क्याम्पस परिषद्बाट गर्ने भनि त्रि.वि.वि. वा यस विधानले तोकिदिए अनुसारका अन्य कार्य गर्ने गराउने ।

छ) क्याम्पस परिपद्बाट भएका निर्णयहरु क्याम्पसको अधिवेशनमा पेश गरी अनुमोदन गर्नुपर्ने छ ।

## परिच्छेद - ३

## सञ्चालक समिति र अन्य समितिहरु

### ३.१ क्याम्पस संचालक समितिको गठन

क्याम्पस संचालक समितिको गठन देहाए बमोजिम हुनेछ ।

अ) मर्स्याङ्दी बहुमुखी क्याम्पसका संस्थापक, विशिष्ट आजिवन र आजिवन सदस्यहरु मध्येवाट निर्वाचित

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| विशिष्ट आजिवन/संस्थापक आजिवनहरुवाट सदस्य | १ जना |
| सदस्यहरु | ५ जना |
| दलित | १ जना |
| महिला | २ जना |

आ) पदेन सदस्यहरु

| | |
|---|---|
| निवर्तमान अध्यक्ष | १ जना |
| त्रि.वि.प्रतिनिधि | १ जना |
| प्राध्यापक संघ इकाइ अध्यक्ष | १ जना |
| वेसीशहर नगरपालिका प्रमुख | १ जना |
| स्ववियू सभापति | १ जना |
| उद्योग वाणिज्य संघ वेसीशहर इकाइको अध्यक्ष | १ जना |
| सदस्य सचिव : क्याम्पस प्रमुख | १ जना |
| निर्वाचित संचालक समितिको वैठक बाट क्याम्पसलाई ठोस योगदान पु-याउने खालका क्याम्पस सभासदहरु मध्येवाट विभिन्न क्षेत्रलाई समेट्ने गरी मनोनित | ३ जना |

**इ)** कुनै निर्वाचित सदस्यको पद बिचमा रिक्त हुन आएमा क्याम्पस सभासदहरु मध्येबाट क्याम्पस परिषद्ले मनोनयन गरी बाँकी अवधिको लागि पदपूर्ति गर्नेछ ।

**३.२ सञ्चालक समितिको पदावधि**

पदेन सदस्यहरुको वाहेक पदाधिकारी एवं सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

**३.३ क्याम्पस सल्लाहकार समितिको गठन**

संचालक समितिका पूर्व अध्यक्षहरु, वुद्धिजीवि, समाजसेवी, राजनैतिक व्यक्तित्वहरु र प्रशासकहरु मध्येबाट क्याम्पस संचालक समितिले ५ जना  सल्लाहकार रहेको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**३.४ कार्यसम्पादन समितिको गठन**

क्याम्पस सञ्चालक समितिले निम्नानुसारको कार्यसम्पादन समिति गठन गर्न सक्नेछ । सञ्चालक समितिको वैठक नियमित बस्न नसकेको अवस्थामा विधानमा तोके बमोजिमको कामहरु कार्यसम्पादन समितिले गर्नेछ । कार्यसम्पादन समितिले गरेका निर्णयहरु त्यसपछि लगतै बस्ने सञ्चालक समितिको बैठकमा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| क) संचालक समितिको अध्यक्ष | अध्यक्ष |
| ख) संचालक समितिको उपाध्यक्ष | सदस्य |
| ग) नि.वर्तमान अध्यक्ष | सदस्य |
| घ) वेसीशहर न.पा नगर प्रमुख | सदस्य |
| ङ) संचालक समितिका सदस्यहरुवाट २ जना | सदस्य |
| छ) क्याम्पस प्रमुख | सदस्य सचिव |

**३.४.१ कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार**

क) तत्काल संचालक समितिको बैठक बस्न नसकेको अवस्थामा बैठक बसी निर्णय लिने ।

ख) क्याम्पस संचालनमा आइपरेका तत्कालिन बाधा अडचन फुकाउने ।

ग) संचालक समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने वातावरण निर्माण गर्ने ।

घ) संचालक समितिलाई महत्वपूर्ण निर्णय लिन सहयोग पुऱ्याउने ।

ङ) यस समितिले गरेका निर्णयहरु संचालक समितिको लगतै बस्ने बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

च) दीर्घकालीन असर पर्ने कार्यमा यो समितिले निर्णय लिन सक्ने छैन ।

**३.५ क्याम्पस संचालक समितिको बैठक**

क) सञ्चालक समितिको बैठक साधारतया वर्षको ६ पटक हुनेछ, तर एउटा बैठक समाप्त भई अर्को बैठक शुरु हुने अवधि ३ महिनाभन्दा बढी हुनेछैन ।

ख) पहिलो बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ, तर गणपुरक संख्या ५१ प्रतिशत नपुगेमा दोस्रो दिन बैठक बस्नुपर्ने भएमा न्यूनतम ३३ प्रतिशतसम्म उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ग) सञ्चालक समितिका निर्णयहरु उपस्थित सदस्यहरको बहुमतद्धारा गरिनेछ ।

घ) अध्यक्षको अनुमति लिएर सदस्य- सचिवले बैठक बोलाउनेछन् ।

ङ) संचालक समितिको बैठकमा उपस्थित पदाधिकारी तथा सदस्यहरुलाई प्रतिव्यक्ति रु ५००।- यातायात खर्चको व्यवस्था गरिने छ ।

**३.६ क्याम्पस संचालक समितिको काम, कर्तव्य र अधिकार**

क्याम्पस संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

क) क्याम्पसको वार्षिक कार्यक्रम, आय-व्यय विनियोजन क्याम्पस परिषद् र सभाको स्वीकृति लिई संचालन गर्ने गराउने ।

ख) क्याम्पसको चल अचल सम्पत्ति आर्जन गर्ने, भोग चलन गर्ने, क्याम्पस सभाको स्वीकृतिमा वा समर्थन प्राप्त गर्नेगरी अचल सम्पत्ति बेच बिखन गर्ने ।

ग) क्याम्पस संचालनको लागि आवश्यक पर्ने चन्दा, दान, अनुदान, उपहार आदि भौतिक पूर्वाधारहरु जुटाउन जनसहभागिता परिचालन गर्ने गराउने ।

घ) कुनै खास उद्देश्य हासिल गर्न वा दैनिक काम कार्वाहीमा गतिशीलता ल्याउन प्रचलित ऐन नियम तथा यो विधानमा प्रतिकूल असर नपर्ने गरी आवश्यक नीति नियम बनाई कार्यन्वयन गर्ने गराउने ।

ङ) क्याम्पसको शैक्षिक, आर्थिक र सामाजिक गतिविधिहरु सु-व्यवस्थित ढंगले संचालन गर्न गराउन आवश्यक पर्ने उपसमिति वा आयोग गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार तथा समयावधि तोक्ने ।

च) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा प्रशासकीक कर्मचारीको वार्षिक दरबन्दी स्वीकृत गरी पदपूर्ति, सेवा शर्त र सुविधा तोकि काम लगाउने ।

छ) राम्रो काम गर्ने प्राध्यापक र कर्मचारीहरुको मूल्याङ्कन गरी तलव बृद्धि वा प्रोत्साहन पुरस्कार दिने र सन्तोषजनक तरिकाले पदीय दायित्व वहन गर्न असक्षम प्राध्यापक, कर्मचारी उपर सेवा सर्त सम्बन्धी नियम बमोजिम कारवाही चलाई नसिहत दिने, तलव रोक्का, निलम्बन वा अवकास सम्बन्धी काम कारवाही गर्ने गराउने ।

ज) क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरु प्रति आवश्यक अनुशासनात्मक कारवाही गर्ने, गराउने ।

झ) विद्यार्थीबाट लिईने प्रवेश शूल्क तथा मासिक अध्यापन शुल्क निर्धारण गरी लागू गर्ने ।

ञ) क्याम्पसको शैक्षिक तथा आर्थिक स्तर बृद्धिका लागि शैक्षिक, प्राज्ञिक तथा आर्थिक गतिविधिहरु संचालन गर्ने गराउने।

ट) क्याम्पसका समस्याहरु समाधान गर्ने र परिआएका अन्य कार्य गर्ने ।

Marsyangdi Multiple Campus Besishahar, Lamjung 2047

ठ) संचालक समितिबाट गर्ने भनी तोकिएका अन्य कामहरु गर्ने गराउने ।

## ३.७. पद रिक्त हुने अवस्था

संचालक समितिका निर्वाचित तथा मनोनित सदस्यहरुको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :

क) अध्यक्षले उपाध्यक्ष मार्फत संचालक समितिमा र उपाध्यक्ष र सदस्यहरुले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा ।

ख) मानसिक सन्तुलन ठिक नभएको प्रमाणित भएमा ।

ग) पदावधि समाप्त भएमा ।

घ) निर्वाचित तथा मनोनित पदाधिकारीहरु लागातार ३ पटकसम्म मनासिव सूचना वेगर बैठकमा अनुपस्थित भै संचालक समितिले हटाउने निर्णय गरेमा ।

ङ) विषय विशेषज्ञद्वारा गराउन पर्ने काम वाहेक क्याम्पससँग सम्बन्धित आर्थिक लाभ हुने ठेक्का पट्टा वा कुनै व्यवसायमा भाग लिएमा ।

च) मुत्यु भएमा ।

छ) क्याम्पसलाई हानी नोक्सानी पुग्ने कुनै काम कुरा गरे गराएमा ।

## ३.८. पदाधिकारी तथा सदस्यहरुको पदीय दायित्व

संचालक समितिका पदाधिकारी तथा सदस्यहरुको पदीय दायित्व देहाय अनुसार हुनेछ :

**क) <u>अध्यक्ष</u>**

- क्याम्पस सभा, परिषद् र संचालक समितिको बैठक बोलाउन निर्देशन दिई बैठकको अध्यक्षता गर्ने ।
- पारित निर्णयहरु प्रमाणित गरी सदस्य सचिव मार्फत कार्यान्वयन गर्ने, गराउने ।
- आवश्यक भएमा निर्णयात्मक मत प्रयोग गर्ने ।
- क्याम्पस प्रमुखको विदा र काज आवश्यकता र औचित्यको आधारमा स्वीकृत गरी निजको अनुपस्थितिमा क्याम्पसको कार्य संचालनमा बाधा नपुग्ने समुचित व्यवस्था मिलाउने ।
- क्याम्पसको शैक्षिक एवं आर्थिक उत्थानको निम्ति बौद्धिक र भौतिक सुविधा जुटाउन सक्रीय भुमिका खेल्ने
- संचालक समितिका सदस्यलाई क्याम्पसको काममा खटाउन सक्ने र सेवा सुविधाको हकमा संचालक समितिले तोके अनुसार हुनेछ ।
- अध्यक्षबाट गर्ने भनी तोकिए बमोजिमका अन्य काम गर्ने गराउने ।

**ख) <u>उपाध्यक्ष</u>**

- संचालक समितिको बैठकमा नियमित रुपले भाग लिई आवश्यक परामर्श र आफ्नो मत प्रयोग गर्ने ।

➢ अध्यक्षको अनुपस्थितिमा संचालक समितिको अध्यक्षता गर्ने ।

➢ संचालक समितिका तोकिदिएको कामको जिम्मा, संचालन र रेखदेख गर्ने ।

➢ अध्यक्षले लाए गराएको काम काज गर्नुको साथै अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने गरेको काम अधिकार प्रत्यायोजनको आधारमा सम्पन्न गर्ने

**ग) सदस्यहरु**

➢ संचालक समितिको बैठकमा नियमित रुपले भाग लिई आवश्यक परामर्श र आफ्नो मत प्रयोग गर्ने ।

➢ संचालक समिति ले तोकिदिएको कामको जिम्मा, संचालन र रेखदेख गर्ने ।

## ३.१० विभिन्न समितिहरु

क्याम्पसमा विविध कामको लागि देहाय वमोजिमको समितिहरु गठन गर्न सकिने छ ।

### ३.१०.१ पुस्तकालय सल्लाहकार समिति

क) क्याम्पसको पुस्तकालय सुसञ्चालनको निमित्त एक पुस्तकालय सल्लाहाकार समिति गठन गरिनेछ । पुस्तकालय सल्लाहाकार समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १) क्याम्पस सञ्चालक समितिले तोकेको व्यक्ति | संयोजक | |
| २) प्राध्यापक प्रतिनिधी | दुई | सदस्य |
| ३) विद्यार्थी प्रतिनिधी | एक | सदस्य |
| ४) पुस्तकालय प्रमुख | सदस्य- सचिव | |

ख) सल्लाहकार समितिले पुस्तकालयको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने विशेषज्ञ वा संस्था आवश्यक ठानेमा देखेमा २ जना विशेषज्ञहरु वा संस्थाहरुलाई समितिमा सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ ।

ग) मनोनित प्रतिनिधीहरुको पदावधि ४ वर्षको हुनेछ ।

घ) पुस्तकालय सुसञ्चालनका लागि समितिले छुट्टै नियम बनाई क्याम्पस सञ्चालक समितिबाट अनुमोदन गराई लागु गर्न सक्नेछ ।

### ३.१०.२ अतिरिक्त क्रियाकलाप सञ्चालन समिति

सञ्चालक समितिबाट स्वीकृत बजेटको अधिनमा रही क्याम्पसका विद्यार्थीहरुको बहुमुखी प्रतिभाको विकास गर्ने लक्ष्य लिई खेलकुद, साहित्यिक, साँस्कृतिक र बैद्धिक कार्यक्रम समेत सञ्चालन गर्न अतिरिक्त क्रियाकलाप सञ्चालन समिति गठन गरिन्छ ।

| | |
|---|---|
| क) सहायक क्याम्पस प्रमुख | संयोजक |
| ख) प्राध्यापक संघ इकाइ अध्यक्ष | संदस्य |
| ग) अक्षयकोष दाताहरुको प्रतिनिधि मध्ये एक | सदस्य |

घ) क्याम्पसमा दर्ता भएका विद्यार्थी संघ-संगठनका प्रतिनिधी एक/एक जना — सदस्य

ङ) क्याम्पस प्रमुखले तोकेको कर्मचारी — सदस्य - सचिव

**३.१०.३ छात्रवृत्ति छनौट एवं सिफारीस समिति**

क्याम्पसमा अध्ययनरत जेहेन्दार, गरीव, छात्रा, दुर्गम तथा पिछडिएको वर्गको शैक्षिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले छात्रवृति वितरण पारदर्शी र व्यवस्थित बनाउनका लागि देहाय बमोजिमको छात्रवृति छनौट तथा सिफारिस समिति गठन गरिने छ ।

क) क्याम्पस प्रमुख — संयोजक

ख) संचालक समितिले तोकेका १ जना — सदस्य ।

ग) अक्षकोष दाताहरुको प्रतिनिधि मध्ये एक — सदस्य ।

घ) प्राध्यापक संघ इकाइ अध्यक्ष — सदस्य ।

ङ) विभिन्न संकाय विभागीय प्रमुखहरु मध्ये एक — सदस्य ।

**३.१०.४ माथि उल्लेखित समिति वाहेक क्याम्पसमा अन्य समितिको गठन गर्न आवश्यक परेमाा संचालक समितिले गठन गर्न सक्ने छ ।**

# परिच्छेद - ४

## निर्वाचन

**४.१ निर्वाचन सम्बन्धी व्यवस्था**

संचालक समितिको निर्वाचन क्याम्पस निर्वाचन निर्देशिका २०७४ अनुसार हुनेछ ।

**४.२ संचालक समितिका सदस्यहरुको अविश्वासको प्रस्तावद्घारा हट्ने व्यवस्था**

क) संचालक समितिका निर्वाचित र मनोनित सदस्यहरु पदीय दायित्व निर्वाह गर्न, सक्षम नभएको वा अन्य ठोस कारणहरुबाट संचालक समितिमा रहन अयोग्य भएको भन्ने क्याम्पस परिषद्का २५% सभासदहरुबाट लिखित रुपमा विश्वास छैन भनी निवेदन दर्ता गरेमा, त्यस्ता सदस्यहरु उपर क्याम्पस परिषद्का ५१% सदस्यहरुले अविश्वासको प्रस्ताव लिखित रुपमा पेश गरेमा र क्याम्पस परिषद्का दुई तिहाइ मतबाट उक्त प्रस्ताव पारित भएमा निज सदस्यको पद समाप्त हुनेछ ।

ख) अविश्वासको प्रस्ताव प्रमाणित हुने आधारहरु अविश्वासको प्रस्तावमा स्पष्ट रुपले खुलाउनु पर्नेछ ।

ग) सदस्यलाई उक्त अविश्वासको प्रस्ताव सम्बन्धमा क्याम्पस परिषद् हुने दिनको कमसेकम ७ दिन अगावै लिखित सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

घ) संचालक समितिका अध्यक्ष उपरको अविश्वास भए उपाध्यक्षले बैठकको अध्यक्षता गर्नु पर्नेछ । तर,

- अविश्वासको प्रस्ताव पेश भएका मितिले ६० दिन भित्र क्याम्पस परिषद्मा गणपुरक संख्या नपुगी बैठक बस्न नसकेमा अविश्वासको प्रस्ताव स्वतः रद्ध हुनेछ ।
- यो विधान लागू भएको मितिले र विधान अनुसार पछि निर्वाचन भएको मितिले ६ महिनाको अवधि पुरा नभइ त्यस्तो अविश्वासको प्रस्ताव पेश हुन सक्नेछैन ।
- एक पटक अविश्वासको प्रस्ताव पेश भएको मितिले १ वर्षको अवधि पुरा नभइ पहिलो अविश्वास गरिएको सदस्यहरु उपर पुनः त्यस्तो प्रस्ताव पेश हुन सकिनेछैन ।

# परिच्छेद - ५

## आर्थिक व्यवस्था

### ५.१ आर्थिक समिति

अ) क्याम्पसको आर्थिक व्यवस्थापनलाई सुचारु रुपले संचालन गर्नका लागि क्याम्पस संचालक समितिबाट निम्नानुसारको आर्थिक समिति गठन गरिनेछ । यसको पदावधि ४ बर्षको हुनेछ ।

| | |
|---|---|
| क) क्याम्पस सञ्चालक समितिका अध्यक्ष वा उपाध्यक्ष | संयोजक १ |
| ख) क्याम्पस सञ्चालक समितिका सदस्यहरु मध्येबाट | सदस्य २ |
| ग) प्राध्यापकहरु मध्येबाट | सदस्य २ |
| घ) क्याम्पस प्रमुख | सदस्य १ |
| ङ) लेखा तथा प्रशासकीय अधिकृत | सदस्य सचिव १ |

आ) आर्थिक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

इ) आर्थिक समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

क) क्याम्पसको आर्थिक व्यवस्था सम्वन्धमा सञ्चालक समितिले मागेअनुसार राय एवं सुझाव दिने ।

ख) क्याम्पस प्रमुखले तयार गरेको बार्षिक बजेटमाथि आवश्यक छलफल गरी सञ्चालक समितिमा पेश गर्न सिफारिस गर्ने ।

ग) आर्थिक अनुशासन भए नभएको निरीक्षण गरी सञ्चालक समितिमा आवश्यक राय पेश गर्ने ।

घ) आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित त्रुटि एवं सुझावका सम्वन्धमा आवश्यक छलफल गरी कार्यन्वयनको लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

ङ) क्याम्पसको आर्थिक स्रोत एवं भौत्तिक बिस्तार गर्न सहयोग गर्ने ।

च) सञ्चालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

### ५.२ आर्थिक कार्य प्रणाली

Marsyangdi Multiple Campus Besishahar, Lamjung 2047

क) क्याम्पसको आर्थिक स्रोतहरु देहाय बमोजिम हुनेछ

- सदस्यता तथा प्रवेश शुल्क वापत प्राप्त हुने रकम,
- विद्यार्थीहरुबाट प्राप्त हुने सबै शुल्क,
- चल अचल सम्पत्तिबाट आम्दानी हुने रकम,
- चन्दा, दान, उपहार, वापत प्राप्त हुने रकम,
- नेपाल सरकार, त्रि.वि.वि. र अन्य संघ-संस्थाहरुबाट प्राप्त हुने अनुदान रकम,
- क्याम्पसले लगानी गरेको पुँजी र त्यसबाट बढे बढाएको ब्याज लाभांश बापतको रकम,
- कुनै निश्चित उद्देश्य पुर्तिका लागि अक्षय कोष वापत प्राप्त हुने रकम,
- पूँजी सम्पत्तिको बेचविखन तथा लिलाम बढावढबाट प्राप्त हुने रकम,
- विविध किसिमबाट प्राप्त हुन सक्ने अन्य रकम ।

ख) क्याम्पसको नाममा प्राप्त हुने सबै रकमहरु स्थानीय बैङ्कमा खाता खोलि जम्मा गरिनेछ । क्याम्पसको नाममा २ वटा खाता संचालन गर्ने व्यवस्था हुनेछ । ती मध्ये मूल खाताको संचालन अध्यक्ष र क्याम्पस प्रमुखको संयुक्त दस्तखतबाट र अर्को खाता क्याम्पस प्रमुख र लेखापालको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ग) अक्षय कोषको लागि मुद्धती खातामा जम्मा गरिएको रकमको व्याज मात्र निश्चित प्रयोजनको लागि खर्च गर्न सकिनेछ । तर, क्याम्पसको आफ्नै निजी मुद्धती खाताको रकम झिकी जग्गा, भवन तथा पूंजिगत सम्पत्ति खरिद वा निर्माण गर्न आवश्यक भै संचालक समितिले स्वीकृत गरेमा त्यस्तो मुद्धती खाताको रकम पुरै वा केही अंश झिकी निर्दिष्ट काममा खर्च गर्न गराउन उपधारा (४) को व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

घ) अध्यक्षमा निहित आर्थिक अधिकारहरु आफैमा पूर्ण जवाफदेही रहने गरी अध्यक्षले चाहेमा अन्य पदाधिकारीलाई अधिकार प्रत्यायोजन गरी कार्य संचालन गर्न सकिनेछ ।

ङ) बिनियोजित बजेट मध्ये तलव, भत्ता, हुलाक, टेलिफोन, विद्युत, तथा पानी महसुल र यस्तै निश्चित खर्चहुने शीर्षकहरुमा वाहेक दान, उपहार, पुरस्कार, अतिथि सत्कार, फर्निचर तथा अन्य पूँजिगत सम्पत्ति खरिद सम्बन्धी शीर्षकमा रु. १०,०००।- दश हजारसम्मको लागि अध्यक्षको आदेशबाट र सो भन्दा बढी रकम खर्च गर्नुपर्दा संचालक समितिको स्वीकृति गरी खर्च गर्नु गराउन पर्नेछ ।

च) क्याम्पसको चल अचल सम्पत्ति बिक्री, लिलाम बढाबढ गर्दा र निर्माण सम्बन्धी काममा खर्च गर्नुपर्दा संचालक समितिको पूर्व स्वीकृति हुनु पर्नेछ ।

ज) क्याम्पसको सम्पूर्ण नगदी जिन्सी र सोसँग सम्बन्धित आर्थिक दस्तावेजहरु अधिकार प्राप्त पदाधिकारीद्वारा प्रमाणित गराई सदस्य सचिव तथा लेखा प्रमुखको संयुक्त जिम्मेवारीमा सुरक्षित रहनेछ ।

झ) मालसामान खरिद गर्ने, लिलाम बिक्री गर्ने, सार्वजनिक घटाघट गराउने वा ठेक्का पट्टा जस्तो काम गर्न गराउन पर्दा त्रि.वि.वि आर्थिक व्यवस्थापन सम्बन्धी नियम २०५० र प्रचलित अन्य कानून बमोजिमको कार्यबिधि पुरा गर्नु अनिवार्य हुनेछ ।

ञ) नगदी जिन्सी आम्दानी खर्चको संरक्षण सदुपयोग र प्रयोग गर्ने मुख्य दायित्व सदस्य सचिवको हुनेछ ।

ट) चालु बर्षको लागि बिनियोजन भएको रकम अपर्याप्त भएमा वा कुनै नयाँ परियोजना वा सेवा संचालन गर्न आवश्यक परेमा वा अन्य कुनै मनासिव कारण परेमा संचालक समितिको निर्णयले पुरक बजेट तर्जुमा गरी आय-व्यय संचालन गराई त्यस पछिको पहिलो क्याम्पस परिषद्बाट वा अधिवेशनवाट पारित गराउनु पर्नेछ ।

### ५.२.२ प्राध्यापक कर्मचारी कल्याणकोषको व्यवस्था

क) क्याम्पसमा एक प्राध्यापक कर्मचारी कल्याण कोषको व्यवस्था हुनेछ ।

ख) क्याम्पसमा कार्यरत स्थायी प्राध्यापक र कर्मचारीले अवकास लिदाको अवस्थामा प्रोत्साहन स्वरुप रकम उपलव्ध गराउने उद्देश्यले यस कोषको स्थापना गरिएको छ ।

ग) यस कोषमा क्याम्पसको कूल आन्तरिक आम्दानीको ५ प्रतिशत (मुद्दती रकम र नगद वैंक मौज्दात वाहेक) रकम प्रत्येक बर्ष यस कोषमा जम्मा गरिनेछ ।

घ) यसको परिचालनको लागि क्याम्पस प्राध्यापक कर्मचारी कल्याण कोष परिचालन निर्देशिका बनाई लागू गरिनेछ ।

## ५.३ बजेट रकमान्तर

क) देहायको प्रयोजनको लागि संचालक समितिको बैठकबाट तोकिएको शीर्षक उपशीर्षकबाट अर्को शीर्षक उप-शीर्षकमा झिकेको शीर्षकको बिनियोजित रकमको बढीमा ५०% सम्म रकमान्तर गरी खर्च गर्न सकिनेछ । त्यसरी रकमान्तर गरिएकोमा विनियोजित बजेटमा मिलान गरी आगामी क्याम्पस परिषदबाट पारित गराउनु पर्नेछ ।

- स्वीकृत दरबन्दी अनुसारका प्राध्यापक कर्मचारीको तलव, भत्ता शिर्षकमा छुट्याईएको रकम नपुग भएमा ।
- बजेटमा परेको वित्तीय सहायता, चन्दा पुरस्कार, दैनिक भ्रमण भत्ता र अतिथि सत्कार जस्ता शीर्षक वाहेकका अन्य आवश्यक शिर्षकमा रकम नपुग भएमा ।
- स्वीकृत कार्यक्रम अनुसार बजेटमा परेको भवन निर्माण वा खरिद सम्बन्धी रकम नपुग भएमा ।
- एक आ.व.मा एकपटक बजेट रकमान्तर गरी सकेपछि सोही शिर्षक उपशीर्षकमा असर पर्ने गरी पुनः रकमान्तर वा थपघट गर्न र बजेट रकमान्तरको कारणले थप बजेट माग गर्न तथा निश्चित काममा अवरोध हुनेगरी रकमान्तर गर्न पाईनेछैन ।

## ५.४ आर्थिक विवरण र लेखापरीक्षण

क) क्याम्पसको नगदी, जिन्सीको लेखाहरु त्रि.वि.वि.बाट वेग्लै ढाँचा तोकि दिएमा सोही बमोजिम र त्यस्तो ढाँचा नतोकिएसम्म नेपाल सरकारको प्रचलनमा रहेको दोहोरो श्रेस्ता प्रणाली अनुसार ठीक दुरुस्तसँग राख्नु पर्नेछ ।

ख) खर्चको शीर्षकहरु त्रि.वि.वि.बाट तोकिए अनुसार र शीर्षक नतोकिए सम्म संचालक समितिबाट शीर्षक उपशीर्षक निर्धारण गरी लागू गरिनेछ ।

ग) संचालक समितिले हरेक वर्षको आय व्यय बजेट विनियोजन गरी क्याम्पस परिषद र अधिवेशनबाट स्वीकृत लिई संचालन गर्नु पर्नेछ ।

घ) निर्माण सम्बन्धी कामको लागि स्वीकृत रकमको बेग्ला बेग्लै लेखा राखी प्रशासकीय तथा निर्माण सम्बन्धी बजेटको बाँडफाँड बेग्ला बेग्लै हुनुपर्नेछ ।

ङ) विशेष परिस्थितिमा क्याम्पसलाई आर्थिक दायित्व थपिने गरी कुनै ऋण वा सापटी लिनु परेमा संचालक समितिको पुर्व स्वीकृत प्राप्त गर्न अनिवार्य हुनेछ ।

च) निर्माण सम्बन्धी कामको लागि छुट्याएको रकम प्रशासकीय काममा खर्च गर्न पाइने छैन । विशेष परिस्थितिबाट खर्च गर्न आवश्यक भएमा संचालक समितिको पुर्व स्वीकृति लिई खर्च गर्न सकिनेछ र सम्बन्धित बजेट प्राप्त हुनासाथ सोधभर्ना गरी हिसाव मिलान गर्नुपर्नेछ ।

छ) प्रत्येक महिनाको आम्दानी खर्चको फाँटवारी तयार गरी अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट प्रमाणित गराई प्रत्येक आ.व.को कार्तिक, फाल्गुण र आषाढको फाँटवारी विवरण संचालक समितिमा जानकारी गराउनु पर्नेछ ।

ज) क्याम्पसको नगदी, जिन्सी, आम्दानी खर्चको हिसाव संचालक समितिबाट नियुक्त मान्यता प्राप्त लेखापरीक्षकद्वारा परीक्षण गराई लेखा परिक्षण प्रतिवेदनको १ प्रति त्रि.वि.वि.मा र १ प्रति क्याम्पस परिषद् /अधिवेशनमा संचालक समितिको प्रतिकृया सहित पेश गरी निर्देशन भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

## ५.५ लेखापरीक्षण सम्बन्धी व्यवस्था

क) लेखा परिक्षण गराउनु पूर्व आन्तरिक लेखा परिक्षण गराउनु पर्नेछ र आन्तरिक लेखा परिक्षण गराउँदा निम्नानुसारको उपसमिति गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| संयोजक : क्याम्पस संचालक समितिले तोकेको व्यक्ति | १ जना |
| सदस्य : आर्थिक समितिमध्ये बाट | १ जना |
| सदस्य : प्राध्यापकहरुमध्ये बाट | ३ जना |

ख) क्याम्पसले आफ्नो बर्षभरीको सबै आम्दानी खर्च सम्बन्धी अभिलेखको लेखा परीक्षण मान्यता प्राप्त क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारी बाहेकका लेखा परीक्षकबाट आर्थिक बर्ष समाप्त भएको पहिलो

चौमासिक भित्र सम्पन्न गराई सक्नुपर्नेछ ।

ग) लेखापरीक्षकको नियुक्ति सञ्चालक समितिले गर्नेछ । लेखापरीक्षकलाई लेखापरीक्षण बापतको पारिश्रमिक सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

घ) लेखापरीक्षण गर्दा लेखा परीक्षकले लेखा सम्बन्धी अभिलेख नियमित भए नभएको, उठेको रकम समयमा बैंकमा जम्मा भए नभएको, स्वीकृत बजेट शीर्षक बमोजिम खर्च भए नभएको जस्ता कुरामा ध्यान दिनुपर्नेछ ।

ङ) लेखापरीक्षकलाई लेखा सम्बन्धी सम्पूर्ण अभिलेख र नीति नियमहरु उपलव्ध गराउनु र प्रष्ट पार्नु क्याम्पस प्रमुख र लेखा प्रमुखको कर्तव्य हुनेछ ।

च) लेखापरीक्षकद्धारा तयार पारिएको वासलत सहितको प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गरिनेछ । सो प्रतिवेदनमाथि छलफल गरी आवश्यक सुझावहरु सहित प्रतिवेदनलाई पारित गर्ने कार्य सञ्चालक समितिबाट हुनेछ ।

## परिच्छेद - ६

## प्रशासनिक व्यवस्था

### ६.१ क्याम्पस प्रशासन

क) कार्य संचालनका लागि क्याम्पस संचालक समितिबाट न्यूनतम शैक्षिक योग्यता पुगेका र शैक्षिक नेतृत्व वहन गर्न सक्ने क्षमतायुक्त व्यक्तिलाई क्याम्पस प्रमुखमा नियुक्त गरिनेछ ।

ख) क्याम्पस प्रमुख पुरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

ग) क्याम्पस प्रमुख क्याम्पस संचालक समितिप्रति जिम्मेवार हुनेछ ।

घ) क्याम्पस प्रमुखको पदावधि ४ वर्षको हुनेछ ।

ङ) भत्ता तथा अन्य सुविधा संचालक समितिले तोके बमोजिम हुनेछ ।

च) क्याम्पस प्रमुखले राजिनामा दिनु पर्दा अध्यक्ष मार्फत संचालन समितिमा दिनुपर्नेछ । राजिनामा स्वीकृत भएपछि मात्र क्याम्पस प्रमुखको पदवाट हटेको मानिने छ ।

### ६.२ क्याम्पस प्रमुखको पद रिक्त हुने अवस्था

क) संचालक समितिमा पेश गरेको राजिनामा स्वीकृत भएमा ।

ख) निजको पदावधि पुरा भएमा ।

ग) मानसिक असन्तुलन भएको भनी रुपमा प्रमाणित भएमा ।

घ) नीजको मृत्यु भएमा ।

ङ) मनासिव माफिको कारण उल्लेख गरी संचालक समितिले हटाएमा ।

## ६.३ क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार

क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको सम्पूर्ण जिम्मेवारी लिई क्याम्पस संचालन गर्ने ।

ख) आवश्यक प्राध्यापक तथा कर्मचारीको दरबन्दी सिर्जना गर्न संचालक समितिमा पेश गर्ने ।

ग) विद्यार्थी भर्नाका लागि नीति नियम बनाई लागू गर्ने ।

घ) विद्यार्थीलाई अनुशासनात्मक कारवाही गर्ने र क्याम्पसबाट निष्काशन गर्ने ।

ङ) अनुशासनहिन रेकर्ड भएको वा हुन सक्ने विद्यार्थीलाई भर्ना हुनबाट रोक्ने ।

च) आन्तरिक वा वाह्य परीक्षाहरु संचालन गर्ने र परीक्षाका रेकर्डहरु व्यवस्थित रुपले राख्न लगाउने ।

छ) क्याम्पस संचालकका लागि अनुमानित बजेट लेखा अधिकृतको सहयोगमा तयार गरी आषाढ २५ गतेभित्र अनिवार्य रुपले संचालक समितिमा स्वीकृतिका लागि पेश गर्ने । आवश्यकता परेमा पूरक बजेट पनि पेश गर्न सकिनेछ ।

ज) क्याम्पस स्थापना भएको मितिमा विभिन्न कार्यक्रम सहित वार्षिकोत्सव मनाउने ।

झ) क्याम्पसको लेखा दुरुस्त राख्न लगाउने तथा सम्पत्तिको सुरक्षा र सदुपयोग गर्ने ।

ट) प्राध्यापक कर्मचारीहरुको कामको बाँडफाँड गर्ने र आवश्यक परेमा स्पष्टिकरण माग गर्ने ।

ठ) संचालक समितिबाट स्वीकृत भएको दरबन्दी अनुसार आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि विज्ञापन, अन्तर्वार्ता आदि आवश्यक प्रक्रिया पुरा गरी संचालक समितिमा पेश गर्ने । आंशिक, अस्थायी र करारको म्याद थप भने क्याम्पस प्रमुख आफैंले गर्न सक्नेछन् ।

ड) प्राध्यापक तथा कर्मचारीलाई अनुशासन सम्बन्धी कार्यवाही गरी निलम्बन वा निष्काशन गर्नुपर्दा कारण सहित संचालक समितिमा पेश गरी स्वीकृत भै आए बमोजिम गर्ने ।

ढ) प्राध्यापक कर्मचारीलाई विदा दिने र विदाको रेकर्ड राख्न लगाउने ।

ण) प्राध्यापक कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

त) राम्रो काम गर्ने प्राध्यापक र कर्मचारीलाई ग्रेड थप वा पुरस्कार दिन संचालक समितिलाई कारण सहित सिफारिस गर्ने ।

थ) अध्यक्षको अनुमति लिएर संचालक समितिको बैठक बोलाउने तथा अभिभावक भेला गराउने ।

द) आफू उपस्थित हुन नसकेको अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभए अन्य प्राध्यापकलाई निमित्त भई काम गर्न ।

ध) अवाञ्छित व्यक्तिलाई क्याम्पस हाताभित्र प्रवेश गर्न रोक लगाउने ।

न) क्याम्पसमा असाधारण स्थिति आइपरेमा त्यस्तै परिस्थिति सम्हाल्न संचालक समितिको अध्यक्ष संग परार्मश गरी प्राध्यापकहरुको बैठकबाट निर्णय गरी बढीमा ७ दिनसम्म क्याम्पस बन्द गर्न सक्ने र सोभन्दा बढी क्याम्पस बन्द गर्नुपर्ने भएमा संचालक समितिको बैठकमा पेश गरी निर्णय भए बमोजिम गर्ने ।

प) क्याम्पसको काम कारवाही सु-व्यवस्था र सु-संचालनको लागि आवश्यक सम्पूर्ण काम गर्ने ।

फ) क्याम्पस संचालन कार्यविधिमा क्याम्पस प्रमुखले गर्ने भनी तोकिएका अन्य कामहरु गर्ने गराउने ।

## ६.४ सहायक क्याम्पस प्रमुख

क) क्याम्पसमा अध्यापनरत स्थायी र अनुभवी प्राध्यापकहरु मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिबाट एक जना सहायक क्याम्पस प्रमुख र क्याम्पसको आवश्कता अनुसार १ (एक) जना थप नियुक्ति गर्न सक्ने छ ।

ख) सहायक क्याम्पस प्रमुखको पदावधि चार वर्षको हुनेछ ।

ग) सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रति पूर्ण रुपमा उत्तरदायी हुनेछन् ।

घ) क्याम्पस प्रमुखको अनुपस्थितिमा निमित्त क्याम्पस प्रमुख भई काम गर्ने ।

ङ) क्याम्पस प्रमुखलाई आवश्यक सरसल्लाह दिने र सहयोग पुऱ्याउने ।

च) क्याम्पस संचालनको लागि क्याम्पस प्रमुखले तोकेबमोजिमका अन्य सबै काम गर्ने ।

छ) परीक्षा सम्बन्धी कार्यमा क्याम्पसलाई आवश्यक सहयोग गर्ने ।

ज) पुस्तकालय सम्बन्धी आवश्यक कार्य गर्ने ।

झ क्याम्पसमा अनुशासन कायम गर्न आवश्यक कार्य गर्ने ।

ञ) सहायक क्याम्पस प्रमुखको पारिश्रमिक र सेवा सुविधा संचालक समितिले तोकेअनुसार हुनेछ ।

ट) क्याम्पस संचालन कार्यविधिमा सहायक क्याम्पस प्रमुखले गर्ने भनी तोकिएका अन्य कामहरु गर्ने ।

## ६.५ शिक्षण समिति

क) क्याम्पसमा अध्यापन हुने कम्तिमा ५ जना प्राध्यापक कार्यरत रहेका प्रत्येक विषयका निम्ति क्याम्पसले विषयगत शिक्षण समितिको गठन गर्नेछ । तर कुनै विषयमा ५ जनाभन्दा कम विषयगत प्राध्यापक भएमा ती विषयहरुको लागि संयुक्त शिक्षण समिति रहन सक्नेछ ।

ख) क्याम्पस प्रमुखले सहायक क्याम्पस प्रमुखसँग आवश्यक सल्लाह लिई विषयगत समितिको लागि एक प्रमुख नियुक्ति गर्नेछन्

ग) शिक्षण समितिको विभागीय प्रमुखको नियुक्ति गर्दा प्राध्यापकहरु मध्येबाट गरिनेछ । शिक्षण समितिमा सम्बन्धित विषयका सबै प्राध्यापक सदस्य हुनेछन् ।

घ) शिक्षण समितिका प्रमुखको पदावधि दुई वर्षको हुनेछ ।

ङ) शिक्षण समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक हुनेछ ।

च) शिक्षण समितिका प्रमुखको राय लिई सम्बन्धित विषयको अध्यायन र अनुसन्धान कार्य संचालन गर्ने, पाठ्यक्रम विभाजन गर्ने, कक्षा प्रगति विवरण संकलन गरि क्याम्पस प्रमुखलाई जानकारी गराउने र शैक्षिक स्तर बृद्धिका लागि आवश्यक कार्य गर्ने तथा सुझाव पेश गर्नेछन् ।

छ) क्याम्पस संचालन कार्यविधिमा संकाय प्रमुख/विभागीय प्रमुखले गर्ने भनी तोकीएका कार्यहरु गर्ने ।

## ६.६ प्राध्यापक र कर्मचारीहरुको नियुक्ति र दरबन्दीको व्यवस्था

### ६.६.१ दरवन्दी सिर्जना

क्याम्पस प्राध्यापक तथा कर्मचारीहरुको दरबन्दि क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ । विषय रहदा सम्म विषयगत दरबन्दि कायम रहनेछ ।

### ६.६.२ पद तथा श्रेणीहरु

क्याम्पसमा देहायका पद तथा क्षेणीहरु रहनेछन् ।

**अ) प्राध्यापक तर्फ**

क) प्राध्यापक

ख) सहप्राध्यापक

ग) उपप्राध्यापक

घ) सहायक प्राध्यापक

नोट : सामान्यतया सहायक प्राध्यापकवाट प्राध्यापनका लागि प्रवेश गराइने छ ।

**आ) कर्मचारी तर्फ**

क) लेखा तथा प्रशासकीय अधिकृत ।

ख) उप प्रशासक (अधिकृत) ।

ग) सहायक प्रशासक (नासु) ।

घ) पुस्तकालय प्रमुख (खरदार) ।

ङ) सह लेखापाल (खरदार) ।

च) कार्यालय सहयोगी (श्रेणी विहिन) - श्रेणी विहिन कर्मचारी करारमा मात्र नियुक्ति गरिनेछ ।

### ६.६.३ प्राध्यापक र कर्मचारीहरुको नियुक्ति प्रक्रिया

क) कुनै प्राध्यापक वा कर्मचारकिो अस्थायी नियुक्ति गर्दा दरबन्दिका आधारमा विज्ञापन गरी खुल्ला प्रतियोगिताद्वारा लिखित परीक्षा र अन्तर्वार्ताको आधारमा छनौट गरिनेछ ।

ख) विज्ञापन गरी खुल्ला प्रतियोगिताद्वारा लिखित परीक्षा र अन्तर्वार्ताको आधारमा छनौट भएका प्राध्यापक वा कर्मचारीको हकमा संचालक समितिलाई मनासिव लागेमा अन्तर्वार्ताको आधारमा स्थायी नियुक्ति दिनेछ ।

ग) छनौट समितिको गठन विधि देहाय बमोजिम हुनेछ ।

- संचालक समितिका प्रतिनिधि १ जना - संयोजक
- सहायक क्याम्पस प्रमुख - सदस्य
- विषय विशेषज्ञ एक जना - सदस्य
- विषयगत शिक्षण समितिका विषय प्रमुख - सदस्य
- क्याम्पस प्रमुख - सदस्य सचिव

छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई संचालक समितिको बैठकबाट अनुमोदन भएपछि स्थायी नियुक्ति दिईनेछ ।

घ) अन्य कुनै क्याम्पसमा, नेपाल सरकारको कार्यालयमा वा संस्थानमा कुनैपनि प्रकारको रोजगारी मुलक कार्य गर्ने प्राध्यापक वा कर्मचारीलाई नियुक्त गर्नु परेमा निजलाई करार सेवामा मात्र लिन सकिनेछ।

ङ) संचालक समितिले प्राध्यापक वा कर्मचारीलाई सेवाबाट मुक्त गर्ने वा म्याद थप्न नमिल्ने परिस्थिति सिर्जना भएमा सम्बन्धित व्यक्ति र प्राध्यापक संघलाई पूर्व जानकारी दिनुपर्नेछ ।

**६.६.४ प्राध्यापक र कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकार**

क) क्याम्पस सेवामा प्राध्यापक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने ।

ख) क्याम्पसमा सेवारत प्राध्यापक तथा कर्मचारीलाई दिइने पुरस्कार/सजायको विषयमा क्याम्पस सञ्चालक समितिलाई परामर्श दिने ।

ग) क्याम्पसका प्राध्यापक तथा कर्मचारीको सेवा शर्तसम्बन्धी कानूनको विषयमा परामर्श दिने ।

घ) क्याम्पस सेवामा प्राध्यापक कर्मचारी नियुक्ति र बढुवाको आधार र कार्य सम्पादन मूल्यांकन तथा कार्यक्षमताको अंक विभाजन निर्धारण गर्ने ।

ङ) क्याम्पस सेवामा प्राध्यापक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने । यस्तो विधि अपनाउँदा त्रि.वि.वि को पाठ्यक्रमलाई आधार मान्नु पर्दछ ।

च) सेवा आयोगको कार्यक्षेत्रभित्र विषयमा निरीक्षण वा जाँचबुझ गर्ने गराउने ।

छ) क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको बृत्ति विकास र क्षमता वा दक्षता बृद्धि गराउने विषयमा क्याम्पस सञ्चालक समितिले मागेका सुझावहरु दिने ।

ज) क्याम्पस सञ्चालक समितिले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

झ) क्याम्पसको प्राध्यापक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाका लागि त्रि.वि.वि को प्राध्यापक कर्मचारी नियुक्ति तथा सिफारिस प्रक्रियालाई आधार मानिनेछ ।

**६.६.५ नियुक्तिको व्यवस्था**

क) क्याम्पस सेवामा प्राध्यापक तथा कर्मचारीहरुलाई क्याम्पस छनौट समितिको सिफारिसमा क्याम्पस सञ्चालक समितिद्धारा नियुक्ति वा बढुवा गरिनेछ ।

ख) उपनियम १ बमोजिम छनौट समितिको सिफारिस भई आएका व्यक्तिहरुलाई नियुक्ति गर्न क्याम्पस सञ्चालक समितिले कुनै पदाधिकारी वा अख्तियारबाला तोक्न सक्नेछ ।

ग) क्याम्पस छनौट समितिको सिफारिस भएको १५ दिनभित्र सम्बन्धित प्राध्यापक, कर्मचारीलाई नियुक्तिपत्र दिनुपर्नेछ । नियुक्तिपत्र बुझिलिएको मितिले ३५ दिनभित्र क्याम्पसमा हाजिरी हुनु पर्नेछ । सो बमोजिम नभएमा नियुक्ति वा बढुवा स्वतः रद्द गरिनेछ ।

६.६.६. **परीक्षण काल**

स्थायी नियुक्ति दिंदा एक वर्षको परीक्षणकालमा रहने गरी दिइने छ । निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा एक वर्ष पुगेपछि परीक्षणकाल हटाइने छ । सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिबाट निजको नियुक्ति रद्ध गरिनेछ, तर क्याम्पसमा पहिले नै एकवर्षभन्दा बढी समय अस्थायी वा करार सेवामा रहेका प्राध्यापक र कर्मचारीलाई परीक्षणकालमा राखिने छैन । यसरी नियुक्ति रद्द भएमा बाहेक एक वर्षको परीक्षण काल पुरा गरेको प्रध्यापक तथा कर्मचारीको परीक्षणकाल समाप्त भएपछि समर्थन पत्र दिइनेछ ।

६.६.७ **स्थायी नियुक्ति**

क) कम्तीमा ३ वर्ष प्रकृया पुगेका पुर्णकालीन अस्थाई प्राध्यापक वा कर्मचारीका रुपमा निरन्तर काम गरेका व्याक्तिहरुलाई प्रकृया पुऱ्याई स्थायी नियुक्ति गर्न सक्ने छ ।

ख) अन्य संस्था वा कार्यालयमा कार्यरत प्राध्यापक कर्मचारीलाई क्याम्पसमा स्थायी नियुक्ति दिइनेछैन । क्याम्पसमा स्थायी नियुक्ति पाइसकेपछि अन्यत्र स्थायी, अस्थाई वा करार नियुक्ति लिन पाइनेछैन । सो बमोजिम नभएमा नियुक्ति वा बढुवा रद्द गरिनेछ ।

६.६.८ **अस्थायी नियुक्ति**

क्याम्पस सेवासम्बन्धी कुनै पद कुनै कारणले रिक्त भएमा सो पदमा क्याम्पस छनौट समितिबाट तोकेको कार्यविधि पुरा गरी सिफारिस गरेबमोजिम क्याम्पस सञ्चालक समिति वा तोकिएको पदाधिकारीले एकपटकमा घटीमा ६ महिना वा बढीमा १ बर्षसम्मको अस्थायी नियुक्ति गर्न सकिनेछ । स्थायी पदपूर्ति नभएसम्मका लागि तोकिएको पदाधिकारीले अस्थायीको म्याद थप्न सक्नेछ ।

६.६.९ **करार नियुक्ति**

क्याम्पसको आवश्यकता र औचित्य अनुसार क्याम्पसको रिक्त दरबन्दी वा विशेष दरबन्दी सृजना गरी कुनै सरकारी वा अन्य कुनै विश्वविद्यालय तथा उच्च शैक्षिक एवं अनुसन्धान केन्द्रमा कार्यरत योग्यता प्राप्त, वा अनुभवी, दक्ष, ख्याति प्राप्त व्यक्तिलाई एकपटकमा २ वर्षसम्म क्याम्पस सञ्चालक समितिबाट करारमा नियुक्ति गर्न सकिनेछ । स्थायी पद पूर्ति नभएसम्म त्यस्तो करार नियुक्तिको म्याद थप गर्न सकिनेछ । यसरी करारनामको शर्तबन्दीमा नियुक्त प्राध्यापकलाई क्याम्पस सञ्चालक समितिले तोकेबमोजिम तलव तथा अन्य सुविधाहरु दिइनेछ ।

### ६.६.१० आंशिक नियुक्ति

क्याम्पस लाई आवश्यक पर्ने आंशिक प्राध्यापक आंशिक समयको सेवा लिने गरी छनौट गर्दा छनौट समितिको संयोजक, क्याम्पस प्रमुख र विभागीय प्रमुखको संयुक्त निर्णयबाट नियुक्ति गर्नु पर्ने छ । यस्तो नियुक्तिको जानकारी अनिवार्यरुपमा संचालक समितिलाई गराई अनुमोदन गराउनु पर्ने र सो नियुक्ति को म्याद आवश्यकता अनुसार क्याम्पस प्रमुखले बढीमा एक वर्ष थप गर्न सक्नेछन ।

### ६.६.११ पदावधि गणना गरिने

स्थायी पदमा नियुक्ति भई परीक्षणकालमा रहेका व्यक्तिहरुको नियुक्ति सदर भएमा सो परीक्षणकालको अवधिलाई प्रत्येक बर्षमा थप गरिने ग्रेड बृद्धि तथा अन्य प्रयोजनका लागि गणना गरिनेछ ।

### ६.६.१२ सेवा शर्तको सुरक्षा

क) कुनै पनि प्राध्यापक वा कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलव सम्बन्धी शर्तहरुमा निजलाई प्रतिकूल असर पर्ने गरी परिर्वतन गरिने छैन ।

ख) कुनै प्राध्यापक वा कर्मचारी माथिल्लो पदमा बढुवा हुँदा बढुवा भएको पदको शुरु स्केल साविक पदमा रही खाई पाई आएको तलव बराबर वा बढी भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

### ६.६.१३ पद रिक्त हुने अवस्था

देहायको अवस्थामा पदाधिकारी, प्राध्यापक, कर्मचारीको पदरिक्त भएको मानिनेछ ।

क) लिखित राजिनामा दिई संचालक समितिबाट स्वीकृत भएमा ।

ख) निजको मृत्यु भएमा ।

ग) क्याम्पस सञ्चालक समिति समक्ष पेश गरेको राजिनामा स्वीकृत भएमा ।

घ) निजको पदावधि पूरा भएमा ।

ङ) मानसिक असन्तुलन भएको भनी प्रमाणित भएमा ।

च) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहऱ्याइ कैदको सजाय दिएमा ।

छ) निज क्याम्पसको सेवामा नरहेमा ।

ज) पदीय उत्तरदायित्व बहन नगरेको भनी क्याम्पस सञ्चालक समितिले ठहर गरेमा ।

झ) अध्यापन भइरहेको विषयमा विद्यार्थी नभई विषय खारेज हुने अवस्थामा सम्बन्धित प्राध्यापकको अर्को विषय प्राध्यापन गर्ने योग्यता नभई क्याम्पस सञ्चालक समितिको निर्णयबाट दरबन्दी काटिएमा ।

ञ) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम प्रमुख र शिक्षणसमितिका प्रमुखहरुको हकमा निजहरुको तोकिएको पदावधि समाप्त भएमा ।

## ६.७ सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था

Marsyangdi Multiple Campus Besishahar, Lamjung 2047

क्याम्पसमा कार्यरत पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) तलव, भत्ता, भ्रमण भत्ता, पारिश्रमिक आदिका सम्बन्धमा त्रि.वि.वि लाई आधार मानी क्याम्पस संचालक समितिले निर्धारण गरे अनुसार हुनेछ ।

ख) क्याम्पसमा क्याम्पस प्रमुखले वर्षको दुई महिना पुरा तलवी विदा पाउनेछन्र । निजले विदा लिई बाँकी रहेको विदाको तलव स्केलको आधारमा आर्थिक वर्षको अन्तमा एकमुष्ट रकम उपलब्ध गराइनेछ ।

ग) क्याम्पसमा कार्यरत प्राध्यापकहरुले प्राज्ञिक स्वतन्त्रताको उपयोग गर्न पाउनेछन् । सभा सम्मेलनमा भाग लिन, छलफल गर्न, कार्यपत्र प्रस्तुत गर्ने, कुनै राजनैतिक पार्टीमा आस्था राख्न र मतदान गर्न पाउने छन् ।

घ) स्थायी प्राध्यापक र कर्मचारीहरुको नियमानुसार कर्मचारी संचयकोष कट्टा गरी दाखिला गरिनेछ ।

ङ) प्राध्यापक, कर्मचारीको निमित्त कर्मचारी कल्याण कोषको बेग्लै व्यवस्था गरी हरेक वर्ष उक्त कोषमा रकम जम्मा गर्ने प्रबन्ध गरिनेछ ।

च) अन्य सेवा, सुविधा र शर्तहरु त्रि.वि.वि. नियमावली लाई आधार मानी क्याम्पसले तयार गरेको नियमावली अनुसार हुनेछ ।

छ) क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरुले क्याम्पसले तोकेको आचार संहिता भित्र रही आफ्ना क्रियाकलापहरु संचालन गुर्नपर्नेछ ।

ज) क्याम्पसमा कार्यरत पूर्णकालिन प्राध्यापकहरुले दैनिक घटिमा ६ घण्टा र कर्मचारीको हकमा ८ घण्टा सत्र (Shift) मिलाई अनिवार्य क्याम्पसमा काम गर्नुपर्नेछ ।

झ) प्राध्यापकहरुले जिम्मेबारी हेरी हप्तामा २२ कक्षा लिनुपर्नेछ ।

ञ) प्राध्यापकहरुले हरेक बर्ष कम्तीमा १ पटक खोज एवम् अनुसन्धानमुलक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## तलव, भत्ता, दशैखर्च, औषधी, उपचार तथा अन्य सुविधाहरु

### ७.१ तलव भत्ता

क) क्याम्पस सेवामा बहाल भएका प्राध्यापक तथा कर्मचारीले आफ्नो पदमा बहाली गरेका दिनदेखि क्याम्पस सञ्चालक समितिले तोके बमोजिम तलव, भत्ता र अन्य सुविधा पाउनेछन् । क्याम्पस सञ्चालक समितिले तलब भत्ता निर्धारण गर्दा सामान्यतया त्रि.वि.वि. को स्केललाई आधार मानिनेछ ।

ख) यस नियम बमोजिम सजाय पाएको वा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रत्येक पूर्णकालीन स्थायी प्राध्यापक तथा कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि बर्षको १ ग्रेड तलव बृद्धि पाउनेछ ।

**७.२ तलव भत्ताको भुक्तानी**

क) क्याम्पस सेवामा बहाल रहेका प्राध्यापक तथा कर्मचारीले प्रत्येक महिना समाप्त भएपछि तलव भत्ताको भुक्तानी पाउनेछन्

ख) कुनै प्राध्यापक वा कर्मचारीले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सेवामा नरहेमा पनि पाउनेछन् ।

ग) प्रचलित कानुनमा व्यवस्था भएको स्थितिमा बाहेक कुनै प्राध्यापक तथा कर्मचारीको तलव कट्टा गरिनेछैन ।

**७.३ दैनिक तथा भ्रमणभत्ता**

प्राध्यापक तथा कर्मचारीले क्याम्पसको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक तथा भ्रमणभत्ता तथा अन्य सुविधा क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**७.४ निलम्बन भएमा तलब पाउने**

क) कुनै प्राध्यापक वा कर्मचारी यस नियम बमोजिम कारबाहीको सिलसिलामा निलम्बनमा परेमा सो निलम्बन अवधिमा निजले आफ्नो तलवको आधा तलव पाउनेछन् । कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखिको बाँकी तलव पाउने छैन ।

ख) कुनै प्राध्यापक वा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानुन अन्तर्गत थुनामा परेकोमा यसरी थुनामा परेको अवधिमा स्वतः निलम्बन भएको मानिनेछ । यसरी स्वतः निलम्बन परेकोमा निलम्बत अवधिको तलब निजले पाउने छैन । तर अभियोगको सफाइ पाएपछि पदमा बहाल हुनेछ र बहाल भएपछिको अवधिको तलव भत्ता पाउनेछ ।

**७.५ दशै खर्च**

क्याम्पस सेवामा बहाल रहेका स्थायी तथा अस्थायी प्राध्यापक तथा कर्मचारीहरुलाई निजले खाइपाई आएको एक महिनाको तलव बराबरको रकम प्रत्येक वर्ष दशै खर्चको रुपमा दिइनेछ । तर दशै बिदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पुरा भएका अस्थायी प्राध्यापक वा कर्मचारीलाई मात्र दशै खर्च दिइनेछ तर अन्य संस्थामा स्थायी तथा अस्थायी रुपमा काम गर्ने प्राध्यापक तथा कर्मचारीहरुलाई सो सुविधा क्याम्पस ले भुक्तानी गर्ने छैन ।

**७.६ औषधी उपचार खर्च**

क्याम्पसमा स्थायी प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस सेवा अवधिमा औषधी उपचारका लागि प्राध्यापक कर्मचारी समेतको सहभागितामा उपचार कोषको व्यवस्था गरिनेछ । सो कोषको प्रयोग छुट्टै विनियम बनाई संचालन गरिनेछ ।

**७.७ दाह संस्कार खर्च**

क्याम्पस सेवामा बहाल रहेको अवस्थामा कुनै बैतनिक प्राध्यापक वा कर्मचारीको मृत्यु हुँदा निजको दाह सँस्कार बापत रु १००००।- निज मृतक व्यक्तिको हकदारलाई दिइनेछ ।

**७.८ उपदान तथा निवृत्तिभरण**

प्राध्यापक कर्मचारी कल्याण कोषबाट उपदान तथा निवृत्तिभरण सम्बन्धी व्यवस्था हुनेगरी कल्याणकोष सञ्चालनको अलगै विनियम बनाई लागु गरिनेछ ।

**७.९ अनिवार्य अवकाश**

प्राध्यापक तथा कर्मचारी विनियमको आधार मा गरीने छ ।

**७.१० सञ्चयकोष सम्बन्धी व्यवस्था**

क) क्याम्पस सेवाका स्थायी प्राध्यापक तथा कर्मचारी स्थायी भएका मितिदेखि निजको तलबबाट १०% तलब महिनै पिच्छे कट्टी गरी त्यति नै रकम क्याम्पसले थप गरी सञ्चयकोष खडा गरिनेछ । (तलव भन्नाले खास तलव र ग्रेड मात्रलाई सम्झनुपर्दछ)।

ख) सञ्चयकोषको रुपमा जम्मा गरिएको रकम नेपालको कुनै वित्तीय संगठित संस्थामा राख्न सकिनेछ ।

ग) सञ्चयकोषको रकमको तोकिए बमोजिम व्याज प्राप्त हुनेछ ।

घ) सञ्चयकोष जम्मा भएको ५ बर्ष पुगेपछि तोकिएको प्रक्रिया पुरा गरी सापटी लिन सकिनेछ ।

ङ) क्याम्पस सेवाबाट अवकास लिने वा क्याम्पस छाड्ने सञ्चयकर्ताले जम्मा भएको रकमको व्याज समेत फिर्ता पाउनेछ ।

च) सञ्चयकर्ताको सेवाकालमा नै निधन भएमा निजको इच्छाइएको वा हकवालाले सञ्चयकोषको साँवा र व्याज

एकमुष्ट पाउनेछ ।

**७.११ पूर्व सूचना दिनुपर्ने**

क्याम्पसमा कार्यरत पूर्णकालीन प्राध्यापक तथा कर्मचारीले आफ्नो नियुक्ति अवधि हुँदै क्याम्पसबाट अवकाश लिन चाहेमा कम्तिमा एक महिना अगाडि सोही व्यहोराको जानकारी क्याम्पसलाई दिनुपर्नेछ । बिना सूचना क्याम्पस छाडेमा एक महिना बराबरको तलव असुल उपर गरिने छ ।

## परिच्छेद - ८

## विदा

**८.१ विदाको प्रकार**

क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीहरुलाई देहाय बमोजिमको विदा सुविधा प्रदान गर्न सकिनेछः

क) घरविदा

ख) विरामी विदा

ग) प्रसुति बिदा र प्रसुति सेवा विदा

घ) पर्व विदा

ङ) भैपरी आउने विदा

च) क्रिया विदा

छ) अध्ययन विदा

ज) असाधारण विदा

झ) विशेष तलवी विदा

ञ) हिउदे वा वर्षे विदा

## ८.२ <u>घर बिदा</u>

वर्षे वा हिउँदे विदा नपाउने प्राध्यापक वा कर्मचारीले वर्षको २४ दिन घर विदा पाउनेछन् । घर विदा बढीमा १२० दिनसम्म सञ्चित हुनेछ । घर विदा सञ्चित प्राध्यापक वा कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइ आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ठ पाउनेछ ।

## ८.३. बिरामी बिदा

प्राध्यापक वा कर्मचारीवलाई १ बर्षको सेवाको लागि १५ दिनको पुरा तलबी वा ३० दिनको आधा तलबी बिरामी बिदा दिइनेछ । ७ दिनभन्दा बढी बिदा बस्नु परेमा मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्र माग्न सकिनेछ । यस नियम बमोजिम पाउने बिरामी बिदा सञ्चित गरी राख्न सकिनेछ । असाधारण बिदा लिएको, क्याम्पस बाहिर काजमा खटिएको प्राध्यापक कर्मचारीले सो अवधिको बिरामी बिदा पाउनेछैन । सेबाबाट अलग हुँदा खाइपाई आएको तलबको दरले हुन आउने सञ्चित बिरामी बिदा रकम निजले एकमुष्ठ पाउनेछ । प्राध्यापक कर्मचारीको मृत्यु भएमा निजको हकवालाले पाउनेछन् ।

## ८.४. प्रसुति विदा र प्रसुति सेवा विदा

क) क्याम्पस सेवामा कार्यरत पूर्णकालिन कुनै महिला प्राध्यापक वा कर्मचारीलाई पहिलो र द्रोस्रो पटकको सुत्केरीका लागि सामान्यत सुत्केरी हुनुअघिपछि ४५ दिनसम्मको प्रसूति बिदा क्याम्पस सेवा अवधिमा २ पटक दिइनेछ ।

ख) क्याम्पसमा कार्यरत पुरुष प्राध्यापक वा कर्मचारीको पत्नी प्रसूति हुँदा त्यस्ता पुरुष वा कर्मचारीलाई सेवा अवधिभर दुई पटक ७ दिनको प्रसूति सेवा विदा दिइनेछ ।

Marsyangdi Multiple Campus
Besishahar, Lamjung
2047

**८.५ पर्व विदा**

प्राध्यापक वा कर्मचारीले वर्षभरीमा बढीमा ६ दिनसम्मको  पर्व विदा पाउनेछ । पर्व विदा सञ्चित गरी अर्को वर्ष लिन सकिने छैन् ।

**८.६ भैपरी आउने विदा**

प्राध्यापक वा कर्मचारीले १ वर्षमा बढीमा ९ दिनसम्मको भैपरी विदा पाउनेछन् । दैवी वा आकस्मिक परेमा बाहेक भैपरी आउने विदा पूर्व स्वीकृत बेगर बस्न पाइनेछैन र यो बिदा सञ्चित हुने छैन ।

**८.७ क्रिया विदा**

कुन प्राध्यापक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा अविवाहित छोरी मरेको अवस्थामा र आफै क्रिया बस्नु परेमा त्यस्ता प्राध्यापक वा कर्मचारीलाई कुलधर्म अनुसार काजक्रिया गर्न दिनसम्मको पूरा तलवी क्रिया विदा दिइनेछ ।

**८.८ अध्ययन विदा**

क्याम्पस सेवामा स्थायी रहेका कुनै पनि प्राध्यापक वा कर्मचारीलाई सेवा अवधिभरमा एक वा एकभन्दा बढी पटक गरी जम्मा ५ वर्षसम्म अध्ययन विदा दिन सकिनेछ । अध्ययन बिदा पाएका प्राध्यापक वा कर्मचारीले कम्तीमा जति वर्ष अध्ययन विदा लिएको हो विदा पछि त्यत्तिनै वर्ष क्याम्पस सेवामा रही काम गर्नु गर्नेछ र सोही अनुसार निजहरुलाई तोकिए बमोजिम कबुलियत गराउनुपर्नेछ । अध्ययन विदा सामान्यत बेतलबी हुनेछ । विशेष अवस्थामा क्याम्पसमा क्याम्पस सञ्चालक समितिले तोकेको सुविधा उपलव्ध गराइनेछ । अध्ययन विदामा बस्नेले थप प्रमाण पत्र पेश गर्नुपर्ने छ ।

**८.९ असाधारण विदा**

कुनै विदा बाँकी नरहेमा वा सम्बन्धित प्राध्यापक वा कर्मचारीले बेतलबी विदा पाउन निवेदन गरेको अवस्थामा स्थायी प्राध्यापक वा कर्मचारीलाई सम्पूर्ण सेवा अवधिमा अधिकतम ३ बर्षको र अस्थायी वा करार सेवामा भएकालाई बढीमा ६ महिनाको बेतलवी विदा दिन सकिनेछ ।

**८.१० विशेष तलबी विदा**

पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक महिनाको पूरा तलबी बिदा दिन सकिनेछ । तर यो विदा एक पटकमा ३० दिनभन्दा कम र ६ महिनाभन्दा बढी दिईने छैन । यस्तो विदामा बस्ने कर्मचारीले आर्थिक लाभ हुने काम गर्ने पाउनेछैन ।

**८.११ हिउदे र बर्षे विदा**

क्याम्पस सञ्चालक समितिले बर्षभरीमा ३० दिन हिउँदे र बर्षे बिदा निर्धारण गर्नेछ । यस्तो उपभोग गर्ने प्राध्यापक कर्मचारीले घर बिदा पाउनेछैन । यस्तो बिदा जुनसुकै समयमा दिन सकिनेछ र पुरा तलवी विदा हुनेछ तर आशिकको हकमा लागु हनैछैन ।

**८.१२ विदा अधिकारको रुपमा नहुने**

विदा अधिकारको रुपमा मानिने छैन् । क्याम्पसको काममा बाधा नपर्ने गरी दिइने सुविधा मात्र मानिनेछ । विरामी विदा, क्रिया विदा र सुत्केरी नै हुँदाको प्रसूति विदा बाहेक कुनै पनि विदा पूर्व स्वीकृत बेगर उपयोग गर्द पाइनेछैन ।

**८.१३ विदा स्वीकृत गर्ने अधिकारी**

क्याम्पस प्रमुखको विदा स्वीकृत गर्ने अधिकार सञ्चालक समितिका अध्यक्ष र अन्य प्राध्यापक कर्मचारीको विदा स्वीकृत गर्ने अधिकार क्याम्पस प्रमुखलाई हुनेछ । १ महिनाभन्दा बढीको विदा स्वीकृत गर्नुपर्दा क्याम्पस सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । क्याम्पसले अत्यावश्यक र उपयुक्त ठानेमा अध्ययन विदा वा असाधारण विदा बसेका कुनै पनि शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई क्याम्पसको काम वा सेवामा लगाउन सक्नेछ ।

# परिच्छेद - ९

## आचरण

**९.१ समय पालना र नियमितता**

प्राध्यापक तथा कर्मचारीले क्याम्पसले तोकिदिएको समयमा नियमित रुपमा हाजिर हुनुपर्दछ र यस नियमको अधीनमा रही तोकिएको बिदाको लागि तोकिए बमोजिम स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुदैन ।

**९.२ गोपनीयता भंग गर्न नहुने**

प्राध्यापक तथा कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति वेगर आफूले क्याम्पसमा कर्तव्य पालना गर्दा प्राप्त गरेको अथबा आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र अथवा बृतान्तलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत पदाधिकारी, प्राध्यापक तथा कर्मचारीलाई अथवा क्याम्पस बाहिरका व्यक्तिलाई दिन वा सञ्चारका कुनै माध्यमहरुलाई सूचित गर्न हुदैन् ।

**९.३ अन्य स्थानमा काम गर्न नहुने**

क्याम्पसका प्राध्यापक वा कर्मचारीले क्याम्पस सम्वन्धी कामबाहेक कुनै प्रकारको अन्य रोगजारी क्याम्पसको पूर्व स्वीकृउत बेगर गर्नु हुदैन । यो क्याम्पस र अन्य क्याम्पस, उच्च माध्यमिक विद्यालय र संस्थामा एकैसाथ पुरा वा आंशिक समयमा समेत कुनै नियुक्ति लिई वा नलिई काम गर्न हुदैन ।

**९.४ आफ्नो सेवा र पद अनुसारको आचरण गर्नुपर्ने**

प्राध्यापक तथा कर्मचारीले क्याम्पसभित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिकता शुद्ध, उच्च र पवित्र राख्नु पर्दछ ।

**९.५ क्याम्पसलाई सहयोग गर्नुपर्ने**

विद्यार्थीलाई शैक्षिक, प्राज्ञिक तथा अनुशासन सम्बन्धी सल्लाह दिनु, क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पसलाई सहयोग गर्नु मर्यादित र प्रतिष्ठित राख्नु तथा राख्न सहयोग गर्नु सबै पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ ।

**९.६ हानी नोक्सानी गर्न नहुने**

प्राध्यापक तथा कर्मचारीले क्याम्पसको कुनै सम्पत्तिको हानी नोक्सानी गर्न हुदैन ।

**९.७ भष्ट्रचार गर्न नहुने**

प्राध्यापक तथा कर्मचारीले अनुचित कार्य र भष्ट्राचार गर्न गराउनु हुदैन ।

**९.८ नियमको पालना गर्नुपर्ने**

क्याम्पससँग सम्वन्धित नियम विनियमको पालना गर्नु प्राध्यापक-कर्मचारीको कर्तव्य हुनेछ ।

**९.९ उचित आदार र व्यवहार देखाउनु पर्ने**

पदाधिकारी, प्राध्यापक र कर्मचारीले आफूभन्दा माथिका सबै पदाधिकारी, प्राध्यापक र कर्मचारीहरुप्रति उचित आदर देखाउनु पर्नेछ । आफू मुनिका पदाधिकारी, प्राध्यापक र कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्नेछ ।

**९.१० व्यवसायिक नैतिकता कायम राख्नु पर्ने**

कुनै पदाधिकारी प्राध्यापक वा कर्मचारीले व्यवसायिक प्रकृतिको कामकाज गर्दा क्याम्पस प्रंचलित नेपाल कानुन र मान्यता प्राप्त राष्ट्रिय अन्तराष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिवादित व्यवसायिक नैतिकता र आचारसंहिता पालना गर्नुपर्दछ ।

**९.११ राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**

कुनै पदाधिकारी, प्राध्यापक वा कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य पदाधिकारी, प्राध्यापक वा कर्मचारीमाथि प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन ।

**९.१२ अपराधलाई प्रश्रय दिन नहुने**

कुनै अपराधलाई प्रश्रय हुने गरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट हुने गरी दवाव दिनु वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउनु समेत हुदैन् ।

**९.१३ तोकिएको काम पुरा गर्नु पर्ने**

प्राध्यापकहरुले तोकिएको कक्षा लिने, सुपरीवेक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नु पर्नेछ । कर्मचारीहरुले कार्यविवरण अुनसारको काम गर्नुपर्नेछ ।

# परिच्छेद- १०

## विभागीय कारबाही, सजाय र पुनराबेदन

### १०.१ प्राध्यापक तथा कर्मचारीलाई गर्न सकिने सजाय

उचित र यथार्थ कारण भएमा प्राध्यापक र कर्मचारीहरुलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

**क) सामान्य सजाय**

१) नसिहत दिने ।

२) बढीमा २ ग्रेड बृद्धि रोक्का गर्ने ।

३) बढीमा २ बर्षसम्मका लागि बढुवा रोक्का गर्ने ।

**ख) विशेष सजाय**

भविष्यमा क्याम्पस सेवाका निमित्त अयोग्य ठहरीने वा नठहरिने गरी क्याम्पस सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

### १०.२ नसिहत दिने, ग्रेड बृद्धि वा बढुवा रोक्ने

देहायको कुनै अवस्थामा प्राध्यापक तथा कर्मचारीलाई नियम १०(१) (क) बमोजिम नसिहत दिन वा निजको ग्रेड बृद्धि वा बढुवा रोक्का गर्ने सकिनेछ :

क) काम सन्तोषजनक नभएमा ।

ख) म्यादभित्र हाजिर नभएमा ।

ग) पूर्व स्वीकृत नलिई बारम्बार अनुपस्थित रहेमा ।

घ) अनुशासनहीन काम गरेमा ।

ङ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा ।

च) आफू जिम्माको नगद जिन्सी बुझबुझारथ नगरेमा ।

छ) तोकिए बमोजिमको कार्य नगरेमा ।

### १०.३ सेवाबाट हटाउने वा बर्खास्त गर्ने

देहायका अवस्थामा प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस सेवाका निमित्त भविष्यमा अयोग्य ठहरिने वा नठहरिने गरी क्याम्पस सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ ।

क) आफ्नो कर्तव्यमा लापर्वाही गरेमा ।

ख) कार्यक्षमताको अभाव भएमा ।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार सावित भई कैदको सजाय पाएमा ।

घ) मनस्थिति ठीक नभई जिम्मेबारीअनुसार कर्तव्य पुरा गर्न नसक्ने भएमा ।

ङ) भ्रष्टाचार गरेमा ।

च) नियम १०(२) बमोजिम सजाय पाइसकेपछि पनि पटकपटक सोही कार्य गरिरहेमा ।

छ) क्याम्पस बाहेक अन्य निकायमा बिना पूर्व स्वीकृत नोकरी गरेमा । यो नियम लागु हुनुपूर्व एकैसाथ अन्यत्र पुरा वा आंशिक काम गर्ने प्राध्यापक कर्मचारीले नियम लागु भएको ९० दिनभित्र त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालय तथा संस्थामा एकै साथ पुरा वा आंशिक समयमा कुनै नियुक्ति लिई काम गर्दा क्याम्पसको स्वीकृति लिनु पर्नेछ । अन्यथा यसै नियमअनुसार कारबाही हुनेछ ।

ज) आचरणका नियमहरु बारम्बार उल्लङ्घन गरे वा पालना नगरेमा ।

झ) लगातार ९० दिनसम्म बिना सूचना क्याम्पस वा कार्यालयमा अनुपस्थिति रहेमा ।

ञ) क्याम्पस सेवाको प्रयोजनको लागि पेश गरिएको शैक्षिक प्रमाणपत्र नक्कली ठहरिएमा ।

### १०.४ तलबबाट कर कट्टी गरी असुल गर्ने

कुनै प्राध्यापक वा कर्मचारीले जानाजानी वा लापर्वाही गरी वा प्रचलित कानून उल्लङ्घन गरी क्याम्पसलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रुपमा निजको सञ्चयकोष बाहेकको तलवबाट कट्टा गरी असूल गरिनेछ ।

### १०.५ निलम्बनमा राखी कारबाही गरिने

निलम्बन नगरी आफ्नो पदको काम गर्न दिँदा झुट्टा सबुत संकलन गर्न सक्ने वा आफ्ना विरुद्धका सबुत प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा, क्याम्पसलाई हानी नोक्सानी हुने सम्भावना देखिएमा वा कारवाहीमा बाधा पर्ने देखिएमा अख्तियारवालाले सम्बन्धित प्राध्यापक वा कर्मचारीलाई साधारणतया बढीमा ३ महिना निलम्बनमा राखी कारबाही गर्न सक्नेछ । कारबाहीको टुङ्गो लागेपछि निलम्बन फुकुवा हुनेछ ।

### १०.६ सजायको कार्यविधि

सफाइको सबुत दिने मनासिव मौका नदिई सेवाबाट हटाउने वा बखास्त गर्न सकिनेमा बाहेक (विदेशमा जाने वा घरठेगाना पत्ता नलागी बेपत्ता भएमा) अन्य कुनै प्राध्यापक वा कर्मचारीलाई सजाय गर्नु परेमा सजाय गर्ने आदेश दिनुभन्दा अघि अख्तियारवालाले कारबाही गर्न लागिएको कारण उल्लेख गरी सो प्राध्यापक वा कर्मचारीलाई सूचना दिई निजलाई कम्तीमा ७ दिनको आफ्नो सफाइको सबुत पेश गर्ने मौका दिनु पर्नेछ ।

### १०.७ सजाय गर्ने अधिकार

यस नियममा स्पष्ट लेखिएकोमा बाहेक समान्यतया यस परिच्छेद बमोजिम सजाय गर्ने अधिकार क्याम्पस संचालक समितिले तोकेको पदाधिकारी, व्यक्ति वा समितिलाई हुनेछ ।

### १०.८ पुनरावेदन

कुनै प्राध्यापक वा कर्मचारीलाई आफूले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपि संलग्न राखी सजायको सूचना पाएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र त्यस्तो सजायको आदेशउपर क्याम्पस सञ्चालक समितिमा पुनराबेदन दिन सक्नेछ ।

### १०.९ सेवामा पुनः कायम रहेमा तलब भत्ता पाउने

कुनै प्राध्यापक वा कर्मचारीलाई क्याम्पस सेवाबाट हटाउने, वर्खास्त गने आदेश बदर भई निज पुनः सेवामा कायम रहेको अवस्थामा क्याम्पस सेवाबाट हटाईको वा वर्खास्त गरिएको मिति देखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र ग्रेडबृद्धि भए त्यस्तो बृद्धिसमेत निजले पाउनेछ ।

### १०.१० नोकरी थामिदिन कर नलाग्ने

सेवाबाट हटाइएको वा वर्खास्त गरिएको प्राध्यापक कर्मचारी पुनर्वहाली भएमा निर्णय भएको मितिले ३५ दिनभित्र हाजिर हुन नआए क्याम्पस सेवामा बहाल गर्न कर लाग्नेछैन ।

## परिच्छेद - ११

## विद्यार्थीहरुको आचार संहिता

### ११.१ नियम पालना गर्नेपर्ने

विद्यार्थीले क्याम्पस नियम, सूचना र निर्देशनको पालना गर्नुपर्दछ ।

### ११.२ शैक्षिक कार्यक्रममा सरिक हुनुपर्ने

क्याम्पसमा भर्ना भएको नियमिति विद्यार्थीले सम्बन्धित शैक्षिक कार्यक्रममा तोकिए बमोजिम सरिक भई त्यसमा समुर्त्तीर्ण हुन अध्ययनरत एवं प्रयात्नरत रहनुपर्नेछ ।

### ११.३ क्याम्पसलाई सहयोग गर्नुपर्ने

क्याम्पसको गरिमा, प्रतिष्ठा र मर्यादाको अभिबृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्दछ ।

### ११.४ पारस्परिक सम्बन्ध र सहयोग गर्नुपर्ने

एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्बन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनुपनेर्दछ ।

### ११.५ विद्यार्थी अनुशासनमा रहनुपर्ने

क्याम्पस हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्छ ।

### ११.६ विद्यार्थीहरुले प्राध्यापक र पदाधिकारीलाई आदर गर्नुपर्ने

विद्यार्थीहरुले पदाधिकारी, प्राध्यापक र कर्मचारीलाई आदरपूर्वक सम्बोधन र व्यवहार गर्नुपर्दछ ।

### ११.७ वास्तविक तथ्य प्रकाश गर्नुपर्ने

क्याम्पसमा भर्ना पाउन, कुनै छात्रबृत्ति सहुलियत वा अन्य कुनै अधिकार वा कुनै काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधी वा अन्य कुरा ढाँटन वा लुकाउन वा छिपाउन वा झुटो विवरण दिन वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम कुरा गर्नु गराउनु हुदैन ।

**११.८ क्याम्पस हाताभित्र गर्न नहुने**

विद्यार्थीले क्याम्पस हातभित्र देहायका काम कुरा गर्नु गराउनु हुदैन ।

क) क्याम्पस प्रमुखको स्वीकृति विना सार्वजनिक सभा, प्रदर्शनी, खेलकुल, नाचगान, नाटक, चलचित्र प्रदर्शन, साँस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा सञ्चालन गर्नु गराउनु ।

ख) कुनै घातक हातहतियार र अवाञ्छनीय वा निषेधित मालबस्तु सहित उपस्थित हुनु वा भेला गर्नु गराउनु ।

ग) दवाव, प्रभाव, जवरजस्ती, तोडफोड, अश्लिल, इशारा, कुटफिट, हरहमला, गालीगलोज, अभद्र व्यवहार र घेराउ गर्नुगराउनु ।

घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वास्थता वा प्रतिकूलता ल्याउन वा ल्याउन लगाउन ।

ङ) फोहोर मैला र अन्य दुषित काम गर्नु गराउनु ।

च) निषेधित क्षेत्रमा प्रवेश गर्नु गराउनु ।

छ) क्याम्पस प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्नु गराउनु ।

**११.९ क्याम्पसको कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने**

क्याम्पसमा निर्धारित कक्षा र प्रयोगशाला बाहेक अन्य कक्षा र प्रयोगशालामा सम्मिलित हुन हुँदैन ।

**११.१० क्याम्पसको सम्पत्तिमा हानी-नोक्सानी पुऱ्याउन नहुने**

विद्यार्थीले क्याम्पसको वा त्यसको कुनै संगठन वा निकायको भवन, फर्निचर, पुस्तक, पुस्तिका, सामग्री, यन्त्र, उपकरण, औजार, मालबस्तु लगायत अचल एवं चल सम्पत्तिको हिनामिना, हानी-नोक्सानी वा दुरुप्रयोग गर्नु गराउनु हुदैन ।

**११.११ क्याम्पसका पदाधिकारी तथा प्राध्यापक कर्मचारीलाई अनुचित दबाब दिन नहुने**

कुनै पदाधिकारी वा प्राध्यापक वा कर्मचारी वा विद्यार्थी वा अन्य कुनै व्यक्तिलाई मानसिक वा शारिरिक कष्ट दिने मनसायले कुनै अनुचित काम कुरा गर्नु गराउनु हुदैन ।

**११.१२ अनुमतिबेगर कक्षा प्रवेश गर्नु र छोडनु नहुने**

प्राध्यापकले प्राध्यापान वा मार्गदर्शन वा निर्देशन दिइरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानको निजको अनुमति नलिई विद्यार्थी प्रवेश गर्नु वा त्यहाँबाट निस्कनु हुदैन ।

**११.१३ शुल्क वा अन्य अत्तिरिक्त रकम समयभित्रै तिनुपर्ने**

क्याम्पसले लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमितरुपले तिर्नु पर्छ ।

**११.१४ परिचयपत्र साथमा राख्नुपर्ने**

विद्यार्थीले क्याम्पस प्रवेश गर्दा वा रहदाँको समयमा आफ्नो परिचयपत्र आफूसाथै राख्नुपर्छ ।

**११.१५ क्याम्पस पोशाक लगाउनुपर्ने**

क्याम्पसले तोकेको पोसाक विद्यार्थीले अनिवार्य रुपमा क्याम्पसमा प्रवेश गर्दा र रहँदा लगाउनुपर्ने छ ।

**११.१५ पुस्तकालय लगायत अन्य बक्यौता बुझाउनुपर्ने**

क्याम्पसमा आफ्नो अध्ययन समाप्त भएपछि विद्यार्थीले आफूले पुस्तकालयबाट लिइराखेको पुस्तक वा अन्य वस्तु वा बुझाउनु बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र बुझाउनुपर्छ ।

## परिच्छेद - १२

## आचार-संहिता सम्बन्धी कारबाही र सजाय

**१२.१ कारबाही र सजाय**

यस क्याम्पस नियमावलीको परिच्छेद १२ को कुनै आचार संहिता र क्याम्पसको अन्य विनियम र कार्य प्रणाली कुनै विद्यार्थीले उल्लङ्घन गरेमा उल्लङ्घन गरेको आचार संहिताको प्रकृति, किसिम र मात्रा हेरी उल्लंघनकर्ता विद्यार्थीलाई अन्यथा लेखिएकोमा बाहेक कारबाही गरी देहायको कुनै एक वा सोभन्दा बढी सजाय दिन सकिनेछ ।

क) चेतावनी

ख) लिखित नसिहत

ग) हानी- नोक्सानी वा क्षतीपूर्तिको पुरै वा आंशिक रकम

घ) बढीमा १५ दिनसम्म कक्षा वा प्रयोगशाला समेतबाट निष्कासन

ङ) कुनै निर्धारित समयका लागि क्याम्पसबाट निस्कासन

च) क्याम्पसमा निश्चित अवधिकालागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का

छ) क्याम्पसमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन ।

**१२.२ कारवाही गर्ने अधिकारी वा निकाय**

माथि १२.१. मा लेखिएको (क) देखि (च) सम्मको सजाय गर्ने अधिकार क्याम्पस प्रमुखलाई र (छ) को कारबाही गर्ने अधिकार क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस (संचालक समितिलाई) हुनेछ ।

**१२.३ पुनरावेदन लाग्ने**

नियम १२.२ बमोजिम भएको निर्णय उपर चित्त नबुझे विद्यार्थीले निर्णय भएको मितिले ७ दिनभित्र क्याम्पस सञ्चालक समितिमा पुनरावदेन गर्न सक्नेछन । पुनरावेदन परेमा १५ दिन भित्र कारबाहीको टुङ्गो लगाउनु पर्नेछ ।

# परिच्छेद - १३

## क्याम्पसको दीर्घकालीन सोच

### १३.१ क्याम्पस दीर्घकालीन सोच

क) दीर्घकालीन सोचः सक्षम र समर्पित मानव संसाधन उत्पादन गरी समुदाय र राष्ट्रको विकास गर्ने ।

ख) मान्यताः यस क्याम्पसले गुणस्तरीय जीवनमा मान्यता राख्दछ ।

ग) लक्षः यस क्याम्पसलाई विश्वविद्यालयको रुपमा विकास गर्ने ।

घ) निर्देशक सिद्धान्तहरुः

- उच्च शिक्षाको मार्ग प्रशस्त गर्ने,
- विभिन्न क्षेत्रमा सक्षम मानव संसाधनको उत्पादन गर्ने,
- समुदायले धान्न सक्ने लागतमा गुणस्तरीय शिक्षा प्रदान गर्ने,
- राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण गर्दै अन्तराष्ट्रिय संस्कृतिको अध्ययन गर्ने,
- समुदायको सेवा केन्द्रको रुपमा कार्य गर्ने,
- विभिन्न विधा र संकायको एकीकृत रुपमा अध्यापन गर्ने,
- संस्थाको आत्म निर्भरताका लागि विभिन्न उपायहरु अवलम्बन गर्ने

# परिच्छेद - १४

## विविध

### १४.१ प्राध्यापक संघ गठन हुने

क) क्याम्पसमा कार्यरत प्राध्यापकहरुको संगठनको रुपमा एक प्राध्यापक संघको गठन हुनेछ ।

ख) प्राध्यापक संघको अध्यक्ष क्याम्पसमा पूर्णकालीन रुपमा अध्यापन गर्ने प्राध्यापकहरु मध्ये एक रहने छ ।

ग) प्राध्यापक संघमा सहभागी हुनाका लागि स्नातक वा स्नातकोत्तर तहमा कम्तीमा एउटा कक्षा लिएको हुनु पर्ने छ ।

ग) प्राध्यापक संघ गठन तथा संचालन सम्बन्धी विनियम बनाई लागू गरिनेछ ।

### १४.२ स्वतन्त्र विद्यार्थी युनियन गठन हुने

क) क्याम्पसमा नियमित रुपमा अध्ययनरत छात्रछात्राहरुको प्रतिनिधित्व हुने गरी प्रत्यक्ष्य र समानुपातिक प्रतिनिधित्व प्रणालीका आधारमा स्वतन्त्र विद्यार्थी युनियन गठन गरिनेछ ।

ख) स्वतन्त्र विद्यार्थी युनियनको सञ्चालन सम्बन्धी विनियम क्याम्पस सञ्चालक समितिले तोके बमोजिम हुनेछ । संचालक समितिबाट विनियम नबनाएसम्म सम्बन्धन दिने विश्वविद्यालयको विनियम अनुसार स्व.वि.यु. को निर्वाचन हुनेछ ।

### १४.५ पूर्व विद्यार्थी समाज गठन हुने

क) यस क्याम्पसमा अध्ययन गरी कम्तीमा १ तह पार गरी क्याम्पस छाडेका विद्याथीहरुको प्रतिनिधित्व रहने गरी मर्स्याङदी बहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाज गठन गरिनेछ ।

ख) पूर्व विद्यार्थीहरुको समाज गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था नियमावली पूर्व विद्यार्थी समाजले निर्माण गरी पारित गरेको विधान बमोजिम हुनेछ ।

### १४.५ नियम बनाउने अधिकार

स्वतन्त्र विद्यार्थी यूनियन, शिक्षक कर्मचारी कल्याण कोष, प्राध्यापक संघ, पूर्व विद्यार्थी समाज गठन सम्बन्धी नियम बनाई प्रयोगमा ल्याइने छ भने क्याम्पस संचालक समितिले आवश्यक ठानेका अन्य नियम बनाई लागु गर्न सकिनेछ ।

### १४.६ बाह्य सम्बन्ध विस्तार

क्याम्पसको बाह्य सम्बन्ध विस्तारकोलागि एक बाहय सम्बन्ध विस्तार एकाई स्थापना गरी कार्य गरिनेछ ।

### १४.७ बाधा अड्काउ फुकाउने

यो नियमलाई व्याख्या गर्ने अधिकार र बाधा अड्चन फुकाउने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ ।

### १४.८ नियम संशोधन गर्ने

यस नियमावलीमा संशोधन गर्न आवश्यक देखिएमा क्याम्पस सञ्चालक समितिले क्याम्पस परिषद् र सभामा प्रस्ताव पेश गर्नेछ । क्याम्पस परिषद् र सभाबाट पारित भएपछि संशोधित नियमावली लागु हुनेछ ।

### १४.९ स्वामित्व सर्ने

कुनै कारणवश क्याम्पस संचालन हुन नसकेमा क्याम्पसको चल अचल सम्पत्तिको स्वामित्व प्रचलित कानून बमोजिम नेपाल सरकारमा जानेछ ।

### १४.१० खारेज

संशोधित नियमावली लागू भएपछि त्यस अघि लागू भएको नियमावली स्वतः खारेज भएको मानिनेछ ।

### १४.११ अन्य

क) प्राध्यापकहरुले तोकिए बमोजिमको पाठ्यभार वहन गर्नु पर्नेछ ।

ख) स्नातक तहमा ५ जना विद्यार्थीभन्दा कम भएको विषयमा कक्षा संचालन गरिने छैन ।

ग) कुनै पनि विषयमा २०% भन्दा कम विद्यार्थीहरु मात्र उत्तीर्ण भएमा सम्बन्धित प्राध्यापकलाई स्पष्टिकरण सोध्न सकिने छ ।

घ) क्याम्पस अधिवेशनको मिति तोकिए पछि वा क्याम्पस अबिधेशनको तोकेको ३ महिना पछि थप भएका क्याम्पस सभासदहरुको मताधिकार हुनै छैन ।

ङ) क्याम्पसको वार्षिकोत्सव प्रत्येक वर्ष मंसिर १६ गते (क्याम्पस स्थापना भएको दिन) बस्नेछ ।

च) यो विधान संशोधन हुनु पूर्व गरिएका काम कारवाहीहरु यस विधान अनुसार भएको मानिने छ ।

च) यो विधानको परिधिमा रहेर संचालक समितिले अन्य नियमावलीहरु बनाई लागु गर्नेछ ।

छ) यस विधानमा उल्लेखित कुराहरु वाहेक अन्य कुराको हकमा त्रि.वि.वि.को प्रचलित नियमानुसार हुनेछ ।

ज) माथि जे सुकै लेखिएको भए पनि क्याम्पस सभाको सदस्य नभएको व्यक्तिलाई मताधिकार हुने छैन ।

# विधानमा संसोधन भएका विषयवस्तुहरु

| परिच्छेद | दफा | भएको /नभएकोमा थप | परिवर्तन |
|---|---|---|---|
| | | नभएकोमा थप | प्रस्तावनामा “कुनै पनि किसिमको नाफा आर्जन गर्ने उद्दश्यले नभई गैरनाफामुलक शैक्षिक संस्था” भन्ने वाक्यंश थप गरी वाक्यहरुको पुनर्गठन गरिएको । |
| १,२,४,५,६ | | थपिएको | परिच्छेद १, २, ४, ५, र ६ मा उपशीर्षक थपिएको । |
| २ | २.१<br>२.१ | नभएकोमा थप<br>थपिएको | घ) “परिषद्” भन्नाले यस विधान अनुसारको क्याम्पस परिषद् सम्झनु पर्छ ।<br>सभासद |
| २ | २.२<br><br><br><br><br><br><br>२.२. क | नभएकोमा थप<br><br><br><br><br><br><br>माघ १२ भएको | घ) रु ५०००००। देखि रु ९९९९९९। सम्म सहयोग गर्नेको नाममा अक्षयकोष खडा गर्ने ।<br>ङ) रु १००००००। देखि रु १५०००००। सम्म सहयोग गर्नेको नाममा अक्षयकोष खडा गर्ने र दाताको नाममा भवनको ब्लकको नामाकरण गर्ने ।<br>च) रु १५०००००। भन्दा माथी सहयोग गर्नेको निजको नाममा अक्षयकोष खडा गर्ने र निजको अर्धकदको सालिक कार्यकक्षमा निर्माण गर्ने । सो सालिकको लागि निर्माण खर्च निजले नै व्यहोर्नु पर्नेछ ।<br>माघ १३ |
| २ | <br>२.३<br>२.५ क<br>२.६ ख<br><br>२.७ क | उपशीर्षक क्याम्पस अधिवेशनमा भएको<br>क्याम्पस अधिवेशन भएको<br>थप गरिएको<br>थप गरिएको<br>वर्तमान तथा पूर्व लाई हटाइएको | क्याम्पस अधिवेशनका सदस्यहरु<br>क्याम्पस अधिवेशन र विशेष अधिवेशन<br><br>सर्वसम्मत निर्णयबाट<br>भावि कार्यक्रम<br>निवर्तमान क्याम्पस सञ्चालक समिति थप गरिएको |

| | | | |
|---|---|---|---|
| २ | २.८ | नभएकोमा थप | क्याम्पस संचालक समितिले आवश्यक ठानेको बाहेकको अवस्थामा क्याम्पस परिषद् सामन्यतया वर्षमा १ पटक वस्ने छ । |
| | २.८ | उपदफा ग लाई थप स्पष्ट पारिएको | क्याम्पस अधिवेशनबाट गर्नुपर्ने निर्णयहरु अधिवेशन अगावै गरी कार्यन्वयन गर्नुपरेमा क्याम्पसको शैक्षिक, आर्थिक र सामाजिक गतिविधिलाई सहज पार्न नीति निर्माण गरी क्याम्पस संचालक समितिद्वारा कार्यान्वयन गर्न गराउन क्याम्पस संचालक समितिलाई निर्देशन दिने । |
| | | उपदफा छ थप गरिएको | क्याम्पस परिपद्बाट भएका निर्णयहरु क्याम्पसको अधिवेशनमा पेश गरी अनुमोदन गर्नुपर्ने छ । |
| ३ | क) ३.१ | आ) को पाँचौ थोप्लोमा वेसीशहर गा.वि.स अध्यक्ष (भएको) | क) वेसीशहर नगरपालिका प्रमुख<br>ख) माथि उल्लेखित सदस्यहरुको मताधिकारको लागि क्याम्पसको आजिवन सदस्य वनेको हुनु पर्ने छ । |
| | ख) | नभएको थप<br>घ) मा गा.वि.स.अध्यक्ष | ग) नगरपालिका प्रमुख<br>संचालक समितिका सदस्यलाई क्याम्पसको काममा खटाउने । सेवा |
| | ग) ३.३<br>७ क | भएको<br>नभएको थप गरिएको | सुविधा वा दै.भ्र.भ.को हकमा आर्थिक विनियममा उल्लेख भए अनुसार हुनेछ । |
| | ३.५ ङ | बैठक भत्ता भएको | यातायात खर्च |
| | ३.१० | थप गरिएको | विभिन्न समितिहरु |
| | ३.१०.१ | उपदफा ख लाई थप स्पष्ट पारिएको | ख) सल्लाहकार समितिले पुस्तकालयको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने विशेषज्ञ वा संस्था आवश्यक ठानेमा देखेमा २ जना विशेषज्ञहरु वा संस्थाहरुलाई समितिमा सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ । |
| | ३.१०.३ | थप गरिएको | क्याम्पसमा अध्ययनरत जेहेन्दार, गरीव, छात्रा, दुर्गम तथा पिछडिएको वर्गको शैक्षिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले छात्रवृति वितरण पारदर्शी र व्यवस्थित बनाउनका लागि देहाय बमोजिमको छात्रवृति छनौट तथा सिफारिस समिति गठन गरिने छ । |

Marshyangdi Multiple Campus
Besishahar, Lamjung
2047

| | | | |
|---|---|---|---|
| ४ | ४.२ | यस दफामा भएका वाक्यंसहरुलाई पुनर्गठन गरी स्पष्ट पारिएको । | क) संचालक समितिका निर्वाचित र मनोनित सदस्यहरु पदीय दायित्व निर्वाह गर्न, सक्षम नभएको वा अन्य ठोस कारणहरुबाट संचालक समितिमा रहन अयोग्य भएको भन्ने क्याम्पस परिषद्का २५% सभासदहरुबाट लिखित रुपमा विश्वास छैन भनी निवेदन दर्ता गरेमा, त्यस्ता सदस्यहरु उपर क्याम्पस परिषद्का ५१% सदस्यहरुले अविश्वासको प्रस्ताव लिखित रुपमा पेश गरेमा र क्याम्पस परिषद्का दुई तिहाइ मतबाट उक्त प्रस्ताव पारित भएमा निज सदस्यको पद समाप्त हुनेछ ।<br>ख) अविश्वासको प्रस्ताव प्रमाणित हुने आधारहरु अविश्वासको प्रस्तावमा स्पष्ट रुपले खुलाउनु पर्नेछ ।<br>ग) सदस्यलाई उक्त अविश्वासको प्रस्तव सम्बन्धमा क्याम्पस परिषद् हुने दिनको कमसेकम ७ दिन अगावै लिखित सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । |
| ५ | ५.२ ट | थप गरिएको | त्यस पछिको पहिलो |
| ६ | ६.३, फ<br>६.४, ट<br>६.५, छ | नभएको थप<br>नभएको थप<br>नभएको थप | क्याम्पस संचालन कार्यविधिमा<br>क्याम्पस संचालन कार्यविधिमा<br>क्याम्पस संचालन कार्यविधिमा संकाय प्रमुख/विभागीय प्रमुखले गर्ने भनी तोकिएका कार्यहरु गर्ने । |
| ७ | ७.५ | तर दशै बिदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पुरा नभएका अस्थायी शिक्षक वा कर्मचारीलाई पेश्कीका रुपमा दशै खर्च दिइनेछ । ६ महिनाभन्दा कम अवधि सेवा गरी छोडेमा सो रकम सम्बन्धित शिक्षक वा कर्मचारीबाट असुल उपर गरिनेछ । भन्ने भएको | तर दशै बिदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पुरा भएका अस्थायी शिक्षक वा कर्मचारीलाई मात्र दशै खर्च दिइनेछ । |
| ८ | ८.४ ख | एक पटक भएको | दुइ पटक बनाइएको |
| ९ | ९.१ क | क) संचालक समितिको निर्वाचन क्याम्पस सभाका कम्तिमा ५१% को सदस्य उपस्थित भएको सभाबाट प्रत्येक ४ वर्षमा गोप्य मतदानद्वारा हुनेछ । | क) संचालक समितिको निर्वाचन क्याम्पस सभाका कम्तिमा ५१% को सदस्य उपस्थित भएको सभाबाट प्रत्येक ४ वर्षमा गोप्य मतदानद्वारा हुनेछ । ५१ प्रतिशतको उपस्थिति नभएमा धारा २.५ले गरेको व्यवस्था अनुसार हुनेछ । |

| | | | |
|---|---|---|---|
| १० | १०.२ | ठ को ग) यस कोषमा क्याम्पसको कूल आन्तरिक आम्दानीको कम्तीमा २ प्रतिशत रकम प्रत्येक बर्ष यस | ग) यस कोषमा क्याम्पसको कूल वजेटको ५ प्रतिशत (मुद्दती रकम र नगद वैंक मौज्दात वाहेक) प्रत्येक बर्ष यस कोषमा जम्मा गरिनेछ |
| ११ | ११.६.३ | को १० हटाइएको | यसैलाई ११.६.३ को पछाडि ङ भनी थपिएको छ। |
| १२ | १२.२ | माथि १२.१. मा लेखिएको (क) देखि (च) सम्मको सजाय गर्ने अधिकार क्याम्पस प्रमुखलाई र (छ) को कारबाही गर्ने अधिकार क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस सेवा | माथि १२.१. मा लेखिएको (क) देखि (च) सम्मको सजाय गर्ने अधिकार क्याम्पस प्रमुखलाई र (छ) को कारबाही गर्ने अधिकार क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस  संचालक समितिलाई हुनेछ |
| १४ | १४.१<br>१४.५ | स्नातक तह भएको<br>शब्द परिमार्जन तथा वाक्य थप गरिएको | स्नातक वा स्नातकोत्तर<br>पूर्व विद्यार्थी संघ को सट्टमा पूर्व विद्यार्थी समाज संशोधन गरी ख मा रहेको प्रावधानलाई निम्न अनुसार परिमार्जन गरिएको।<br>“पूर्व विद्यार्थीहरुको समाज गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था नियमावली पूर्व विद्यार्थी समाजले निर्माण गरी पारित गरेको विधान बमोजिम हुनेछ।” |